# माध्यमिक शिक्षा परीक्षा (SEE) सञ्चालन तथा व्यवस्थापनमा सुधार सम्बन्धी दुई दिने कार्यशाला

( २०८२/१२/०२ र ०३)

# प्रतिवेदन




**प्रतिवेदन पेश गर्ने निकायः**

**शिक्षा, युवा तथा खेलकुद मन्त्रालय**

**शिक्षा विकास महाशाखा**

**गण्डकी प्रदेश, पोखरा**

**प्रतिवेदन पेश गरेको मितिः** २०८२/१२/१५

# विषय सूची

**विषयवस्तु** **पेज नं**


१. **पृष्ठभूमि** .....3

२. **कार्यक्रमको औचित्य** .....3

३. **कार्यक्रमको उद्देश्य** .....3

४. **बिषयबस्तु** .....4

५. **सहजीकरणमा प्रस्तुत भएका मुख्य विषयवस्तु** .....4

६. **सहभागी, कार्यक्रम अवधी र कार्यक्रम स्थल** .....8

७. **प्रशिक्षक तथा कर्मचारी व्यवस्थापन** .....8

८. **तालिमको उद्घाटन सत्र** .....4

९. **कार्यशालामा प्राप्त मुख्य सुझावहरू** .....8

१०. **कार्यशालाको समापन सत्र** .....11

११. **निष्कर्ष र सुझाब** .....12

अनुसूची १ सहभागीहरुको विवरण .....15

अनुसूची २ कार्यशालाको कार्यतालिका .....17

अनुसूची ३ जिल्लागत समूह कार्यबाट प्राप्त प्रतिवेदनहरू .....18

तस्वीरमा कार्यशालाका केही झलकहरु .....35

## १. पृष्ठभूमि

नेपालमा वि.स. १९९० मा एसएलसी बोर्डको स्थापना भई कक्षा १० पछि लिइने परीक्षा माध्यमिक शिक्षा उत्तिर्ण परीक्षा (SLC) को नामबाट सञ्चालन हुँदै आएकोमा शिक्षा ऐनको नवौं संशोधनले कक्षा ११ र १२ लाई विद्यालय शिक्षामा समावेश गरेपछि वि.सं. २०७२ बाट कक्षा १० को अन्तमा लिइने परीक्षा **माध्यमिक शिक्षा परीक्षा (SEE)** का नामबाट सञ्चालन हुँदै आएको छ ।

नेपालको संविधान (२०७२) बमोजिम प्रदेश सरकारको एकल अधिकार अन्तरगत प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय र सङ्ग्रहालय सम्बन्धी अधिकारहरू, नेपाल सरकारको कार्यविस्तृतीकरण प्रतिवेदन २०७५, साविक शिक्षा विकास निर्देशनालयहरूलाई तोकिएको कार्यविवरण एवम् विभिन्न परिपत्रबाट प्रदेश तहमा कक्षा १० को अन्तमा लिइने माध्यमिक शिक्षा परीक्षा सञ्चालन सम्बन्धी काम कारवाही प्रदेश तहबाट सम्पन्न हुँदै आएका छन् । हाल आधारभूत तह उत्तिर्ण परीक्षा (कक्षा- ८) स्थानीय तहबाट, माध्यमिक शिक्षा परीक्षा (कक्षा -१०) सम्बन्धी केही कामहरू प्रदेश तहबाट र माध्यमिक शिक्षा उत्तिर्ण परीक्षा (कक्षा-१२) राष्ट्रिय बोर्डबाट सञ्चालन हुँदै आएका छन् ।

शिक्षा प्रणाली सुदृढीकरणको एउटा मुख्य पक्ष मूल्याङ्कन भएजस्तै परीक्षा मूल्याङ्कन प्रणालीको एउटा प्रमुख आधार हो । लामो समयदेखि एसएलसी/एसईई परीक्षा सञ्चालनमा रहेको भएता पनि परिवर्तित सन्दर्भमा तीन तहका सरकारबीचको समन्वय, जिम्मेवारीमा आएको हेरफेर, पाठ्यक्रम र मूल्याङ्कन प्रणालीमा परिमार्जन/ परिवर्तन एवम् विद्यार्थी सङ्ख्यामा आएको फेरबदल आदि कारणले परीक्षा सञ्चालन व्यवस्थापनमा विभिन्न समस्या र चुनौतीहरू देखा पर्दै आएका छन् । सरोकारवालाहरूका अपेक्षाहरू समेत बृद्धि हुँदै गएको वर्तमान सन्दर्भमा माध्यमिक शिक्षा परीक्षा (SEE) सञ्चालन व्यवस्थापनमा निरन्तर सुधार गर्नु आवश्यक छ ।
यसरी प्रदेशको क्षेत्राधिकारमा रहेको मूल्याङ्कन प्रणालीको एउटा मुख्य अवयव माध्यमिक शिक्षा परीक्षा (SEE) सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुधार गर्दै थप स्वच्छ, मर्यादित एवम् प्रभावकारी बनाउन सुझाव सङ्कलन र अनुभव आदान प्रदान समेतका लागि सरोकारवालाहरूको बीचमा माध्यमिक शिक्षा परीक्षा (SEE) सुधार कार्यशाला आयोजना गरिएको हो ।

## २. कार्यक्रमको औचित्य

माध्यमिक शिक्षा परीक्षा (SEE) सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यमा विविध गुनासा, समस्या र चुनौतीहरू रहेका छन् । सरोकारवालाहरूको बीचबाट सुझाव सङ्कलन, अनुभव आदान प्रदान तथा परीक्षा व्यवस्थापनका अद्यावधिक अवस्था एवम् सुधारका विषयमा छलफल गरी आगामी दिनमा परीक्षा सम्बन्धी विविध पक्षमा सुधार गर्दै थप स्वच्छ, मर्यादित एवम् प्रभावकारी बनाई उक्त गुनासा, समस्या र चुनौतीहरू सम्बोधन गर्नु पर्ने देखिएको छ ।

## ३. कार्यक्रमको उद्देश्य

माध्यमिक शिक्षा परीक्षा (SEE) सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुधार गर्दै थप स्वच्छ, मर्यादित एवम् प्रभावकारी बनाउन सरोकारवालाहरूको बीचमा आयोजित कार्यशालाका उद्देश्यहरू देहाय बमोजिम रहेका थियो ।

- → माध्यमिक शिक्षा परीक्षा (SEE) सञ्चालन तथा व्यवस्थापन अन्तरगतका विविध कार्य, तीन तहका सरकार र सम्बन्धित पदाधिकारीहरूका भूमिकाका बारेमा छलफल अन्तर्क्रिया गर्नु,
- → माध्यमिक शिक्षा परीक्षा (SEE) सञ्चालन तथा व्यवस्थापनका सन्दर्भमा प्रदेश सरकार सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयबाट भएका र हुने क्रियाकलाप बारे जानकारी दिने तथा सुझाव सङ्कलन गर्नु,

→ जिल्ला र परीक्षा केन्द्र तहमा हुने कार्यहरूका बारेमा छलफल गरी सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु,

→ उत्तरपुस्तिका परीक्षणको तयारी, उत्तरपुस्तिका परीक्षण/सम्परीक्षण र प्रतिवेदन सम्बन्धमा क्षमता विकास गर्नु ।

## ४. बिषयबस्तु

यस कार्यशालामा निम्नानुसारका विषयवस्तु र सहजकर्ताहरु रहनुभएको थियो ।

| पहिलो दिन | | |
|---|---|---|
| क्रियाकलाप | सहजकर्ता | कैफियत |
| शुभारम्भ, परिचय | | |
| SEE परीक्षा सञ्चालन सम्बन्धी विद्यमान अवस्था, देखिएका समस्या, चुनौती एवम् सुधारका उपाय र आगामी कार्यदिशा | डा. महाश्रम शर्मा<br>पूर्व अध्यक्ष<br>राष्ट्रिय परीक्षा बोर्ड नेपाल | |
| प्रधानाध्यापक/केन्द्राध्यक्ष, स्थानीय तहका शिक्षा अधिकृत/अधिकारी, इकाइ प्रमुखहरूको समूहकार्य (दिइएको खाकामा रहेर समस्या र समाधानको ढाँचामा) | समूहकार्य<br>(जिल्लागत रूपमा विभाजित) | |
| प्रस्तुतीकरण (दिइएको खाकामा रहेर समस्या र समाधानको पहिचान ढाँचामा) | समूहगत संयोजकहरू | |
| दोस्रो दिन | | |
| क्रियाकलाप | कैफियत | |
| खाजा र पुनरावलोकन | | |
| शैक्षिक प्रणाली, SEE परीक्षा सञ्चालन र अन्य समसायिक विषयमा सम्बद्ध पक्षको भूमिका | डा. शेषनारायण पौडेल<br>सचिव, सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय | |
| उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण र टेबुलेशनमा ध्यान दिनुपर्ने पक्षहरू | लोकनाथ आचार्य<br>इकाई प्रमुख, शि.वि. तथा स. इकाई कास्की | |
| शिक्षा विकास तथा समन्वय इकाइहरूसँग २०८२ सालको परीक्षा व्यवस्थापन सम्बन्धमा छलफल र निश्कर्ष | दामोदर सुवेदी<br>अतिरिक्त प्रदेश सचिव,<br>शिक्षा विकास महाशाखा | |

## ५. तालिमको उद्घाटन सत्र

कार्यक्रमको उद्घाटन मिति २०८२।१२।०२ गते विहान ११ बजे गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री मा. विन्दुकुमार थापाज्यूले गर्नुभएको थियो भने कार्यक्रमको अध्यक्षता मन्त्रालयका अतिरिक्त प्रदेश सचिव/शिक्षा विकास महाशाखा प्रमुख श्रीमान् दामोदर सुवेदीज्यूले गर्नुभएको थियो । कार्यक्रममा अतिथि तथा सहभागीहरुलाई महाशाखाका उपसचिव श्री विमला कुमारी शर्माले स्वागत मन्तव्यका साथै तालिमको विषयवस्तु र उद्देश्यका बारेमा प्रकाश पार्नु भएको थियो । कार्यशालामा प्रशिक्षकका रूपमा रहनु भएका राष्ट्रिय परीक्षा बोर्डका पूर्व

अध्यक्ष डा. महाश्रम शर्माले महत्वपूर्ण दुई दिने कार्यशाला आयोजना गरेकोमा गण्डकी प्रदेश सरकारलाई धन्यवाद दिँदै माध्यमिक शिक्षा परीक्षाको वर्तमान बुझाइ, अभ्यास र सुधारका लागि ध्यान दिनुपर्ने क्षेत्रहरूका बारेमा प्रकाश पार्नुभयो। सो उद्घाटन कार्यक्रमको सञ्चालन शाखा अधिकृत श्री खेमराज पौडेलज्यूले गर्नु भएको थियो।

**मा. मन्त्री विन्दु कुमार थापाज्यूको मन्तव्यः**

उद्घाटन सत्रमा आफ्नो मन्तव्य राख्दै मा. मन्त्री विन्दु कुमार थापाज्यूले माध्यमिक शिक्षा परीक्षा (SEE) को पृष्ठभूमि तथा वर्तमान सन्दर्भमा यसको औचित्य एवम् अन्य विविध व्यवस्थापकीय विषयमा चर्चा गर्नुभएको थियो। सो अवसरमा उहाँले प्रदेश सरकारको एकल अधिकार अन्तरगत प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय र सङ्ग्रहालय रहेको तथा नेपाल सरकारको कार्यविस्तृतीकरण प्रतिवेदन २०७५, साविक शिक्षा विकास निर्देशनालयहरूलाई तोकिएको कार्यविवरण एवम् विभिन्न परिपत्रबाट प्रदेश तहमा कक्षा १० को अन्तमा लिइने माध्यमिक शिक्षा परीक्षा सञ्चालन व्यवस्थापन हुँदै आएको कुरा स्मरण गराउनुभयो। यसका साथै उहाँले लामो समयदेखि एसएलसी/एसइइ परीक्षा सञ्चालनमा रहेको भएता पनि परिवर्तित सन्दर्भमा तीन तहका सरकार बीचको समन्वय, जिम्मेवारीमा आएको हेरफेर, पाठ्यक्रम र मूल्याङ्कन प्रणालीमा आएको परिवर्तन, विद्यार्थी सङ्ख्यामा आउने फेरबदल आदि कारणले परीक्षा सञ्चालन व्यवस्थापनमा विभिन्न समस्या र चुनौतीहरू देखा पर्दै गएका परिप्रेक्ष्यमा माध्यमिक शिक्षा परीक्षा (SEE) सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुधार गर्दै थप स्वच्छ, मर्यादित एवम् प्रभावकारी बनाउन सुझाव सङ्कलन र अनुभाव आदान प्रदानका लागि आयोजना गरिएको कार्यशालाबाट महत्वपूर्ण निश्कर्षहरु निकाल्न अनुरोध गर्नुभयो।

**उद्घाटन सत्रका अध्यक्ष अतिरिक्त प्रदेश सचिव श्रीमान् दामोदर सुवेदीज्यूको मन्तव्यः**

कार्यशालाको उद्घाटन सत्रमा अतिरिक्त प्रदेश सचिव श्रीमान् दामोदर सुवेदीज्यूले कक्षा १० को अन्तमा लिइने माध्यमिक शिक्षा परीक्षा सञ्चालन व्यवस्थापन कार्य प्रदेश तहबाट गरिरहँदा विविध समस्या र चुनौतीहरू रहेको, शिक्षा विकास तथा समन्वय इकाइहरू, स्थानीय तहका शिक्षा शाखाहरू तथा विद्यालयका प्रधानाध्यापक एवम् परीक्षा केन्द्रका केन्द्राध्यक्षहरूको समन्वय र सहकार्यमा अगाडि बढीरहेको कुरा राख्नुभयो। माध्यमिक शिक्षा परीक्षा सञ्चालन व्यवस्थापन कार्यमा खटिने जनशक्तिका लागि निर्धारित न्यून पारिश्रमिकको कारण परीक्षा व्यवस्थापनमा समस्या रहेको तथा आगामी दिनमा माध्यमिक शिक्षा परीक्षा सञ्चालन व्यवस्थापन थप कार्यहरु क्रमशः प्रदेश तहबाट सम्पादन गर्दै जान क्षमता विकास तथा पूर्वाधारको क्षेत्रमा पनि सुधार गर्नुपर्ने धारणा राख्नुभयो। साथै उहाँले सबै सहभागीहरूमा उपस्थितिको लागि धन्यवाद दिँदै माध्यमिक शिक्षा परीक्षा सञ्चालन व्यवस्थापनमा सुधारका लागि रचनात्मक एवम् व्यवहारिक सुझाव प्रदान गर्न अनुरोध समेत गर्नुभयो।

## ६. सहजीकरणमा प्रस्तुत भएका मुख्य विषयवस्तु

**डा. महाश्रम शर्मा**

(SEE परीक्षा सञ्चालन सम्बन्धी विद्यमान अवस्था, देखिएका समस्या, चुनौती एवम् सुधारका उपाय र आगामी कार्यदिशा [Improving School Level Student Evaluation and Examination System in Nepal; Issues, governance and role of stakeholders)

- → मूल्याङ्कन, परीक्षा र कक्षा १० र १२ को अन्तिम परीक्षा बारेको सामान्य पृष्ठभूमि।
- → सैद्धान्तिक पृष्ठभूमिः Certification, Selection and Accountability को लागि। OECD (2013) र World Bank (2018) अनुसार पनि परीक्षा प्रणाली विश्वसनीय, निष्पक्ष र वैज्ञानिक हुनुपर्छ अन्यथा सिकाइको गुणस्तर घट्छ, नक्कल संस्कृत बढ्छ र शैक्षिक प्रमाणपत्रको विश्वसनीयता घट्छ।
- → SEE represents the half transition point from secondary to higher education.
- → ५ लाख बढी विद्यार्थी, १० हजार विद्यालय र २ हजारभन्दा बढी परीक्षा केन्द्रमा हजारौं शिक्षक, कर्मचारी र सुरक्षाकर्मी लगायतका जनशक्ति खटिने गरेको।
- → एसइई हटाउने, परिमार्जन गर्ने, प्रदेश वा स्थानीय तहबाट सञ्चालन गर्ने जस्ता पेचिला मुद्दा रहेका।
- → नेपालको शिक्षा प्रणालीमा एसइईको भूमिका
    - Academic Functions
    - Governance Functions
    - Social Functions
- → परीक्षा प्रणालीः Test Planning (Development of test paper, Moderation of test paper), Test Administration (Preparation for admin, Implementation), Post Examination (Answer Books, Marking, Scrutinizing, Result Publication and Analysis of Result).
- → आधारभूत १-३ मा १००, कक्षा ४-८ मा ५० र ९-१२ मा २५ प्रतिशत आन्तरिक मूल्याङ्कन हुन्छ। आन्तरिक मूल्याङ्कन र वार्षिक परीक्षाको प्राप्ताङ्क प्रतिशतको अनुपातमा ठूलो भिन्नता रहेको।
- → हालको एसइई सञ्चालन व्यवस्थापन प्रणाली बारेमा सामान्य जानकारी।
- → परीक्षा प्रणाली, मूल्याङ्कन प्रक्रिया र नतिजाको बस्तुनिष्ठतामा कमिकमजोरी र परीक्षाको बैधता सम्बन्धी सवालहरू।
- → पाठ्यक्रम सम्बन्धी विश्वव्यापी नवीन प्रवृत्तिहरूः पाठ्यक्रम केवल के पढ्ने (Content) मा मात्र सिमीत नभई कसरी सक्षम बन्ने (Competency) भन्ने कुरामा केन्द्रित भएको तथ्य। गुणस्तरीय शिक्षा भएका देशहरूमा बालबालिकाले कुन सीपमा मास्टरी हासिल गरे भन्ने विषयमा ध्यान दिने गरिएको कुरा।
- → Discussed on issues like: Compenency Based Education, Interdisciplinary learning, Social-Emotional Learning, Modular Learning/Micro credentials.
- → Technological advancements, Globalization, Economic Shifts, Inclusive education, Environmental Challenges.
- → माध्यमिक तहका क्षेत्रीय अन्तर्राष्ट्रिय अभ्यासहरूको सामान्य जानकारी तथा समीक्षा। नेपालमा प्रदेश तहबाट माध्यमिक शिक्षा परीक्षा व्यवस्थापन गर्ने विषयमा उठेका सवालहरू।
- → प्रश्न पत्रमा रहेका कठिनाइस्तर, ज्ञानका तहहरूको सम्बोधन, पाठ्यक्रमसँगको तादात्म्यता, व्याकरणजन्य त्रुटी जस्ता पक्षहरू साथै परीक्षण र अङ्कनमा रहेको विविधता उदाहरण सहित उजागर।
- → परीक्षाको मर्यादा, मनोवैज्ञानिक पक्ष, परीक्षा केन्द्रका पूर्वाधारका सवाल, सहभागी विद्यालयहरूको व्यवहार, आधुनिक मिडीया तथा डिजीटल उपकरणहरूले ल्याएका चुनौती आदिमा छलफल भयो।
- → परीक्षा व्यवस्थापन सम्बन्धी नीतिगत तहदेखि स्थानीय तह र विद्यालयहरुका भूमिका तथा समन्वय सम्बन्धी कमिकमजोरीको सवाल।

**समाधानका क्षेत्रहरुः**

- → वृहत् रुपमा क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्ने।

- → नीतिगत तह, कानूनी र संस्थागत तहमा सुधार। प्रविधिको प्रयोग तथा सहभागिता अभिवृद्धि।
- → Important actions for improving the tools and procedure.
- → Research and Innovation.

**डा. शेषनारायण पौडेल**

**(शैक्षिक प्रणाली, SEE परीक्षा सञ्चालन र समसायिक विषयमा सम्बद्ध पक्षको भूमिका)**

- → यस कार्यशाला आयोजनाको सन्दर्भ र औचित्य।
- → Teaching, Learning & Information के हुन् भन्ने कुरा जापानको अनुभवबाट विकसित देशमा बच्चालाई राज्यको Asset को रूपमा लिइन्छ तर हाम्रोमा सबै जिम्मा अभिभावकले मात्र लिनुपर्ने अवस्था छ। बच्चा बाबु आमाको मात्र होइन, राज्यले पनि जिम्मेवारी लिनु पर्ने धारणा।
- → सामुदायिक र संस्थागत विद्यालयहरूको भूमिका एवम् अन्तरसम्बन्ध, Teaching Methodology, Technology and AI Raised Issues/challenges का बारेमा अनुभव आदान प्रदान।
- → Do not explain, but demonstrate who you are.
- → शिक्षकले विद्यार्थीसँग झुकेर व्यवहार गर्ने तथा हरेक काममा विद्यार्थीलाई अगाडि सार्ने जापानको संस्कृति अनुकरणयोग्य छ। परिवर्तित सन्दर्भमा शिक्षकका निर्धारित सक्षमताहरू माथि प्रश्नहरू छन्।
- → कहिलेकाहीँ परीक्षा आवश्यक हुन् कि होइनन् भन्ने पनि पर्छ। गुरूङ्लाई नेपाली भाषा विषयमा फेल भइस् भनेको छ, बाटो छेकेको छ। दुरूत्साहन गरेको छ। demoralize गरेको छ। यो राम्रो भएन।
- → बच्चाले चिट चोर्यो भनेर पनि के भन्नु, १० वर्षसम्म पनि चिट चोर्नुहुँदैन भनेर सिकाउन सकिएन। हाम्रो शिक्षा कस्तो हो ?
- → सबै विद्यार्थीको भौगोलिक, आर्थिक, सामाजिक- साँस्कृतिक पृष्ठभूमि फरक छ, कसरी तुलना गर्ने ? कसरी ग्रेडिङ गर्ने ?
- → Also, discussed on: Issue of written exam in given time. Student friendly exam environment, equal treatment, negligence in marking answer sheets, double checking, exam centre and monitoring issues, handwriting is not a major issue.
- → १० पूर्णाङ्कमा १० दिन डराउने चलन छ, किन डराउने ?
- → यहाँको सन्देश अरू तहमा पनि साझा गरौं। कार्यक्रम आयोजनाको लागि धन्यवाद।

**लोकनाथ आचार्य, इकाई प्रमुख,, शिक्षा विकास तथा समन्वय इकाई, कास्की**

(उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण र टेबुलेशनमा ध्यान दिनुपर्ने पक्षहरू)

माध्यमिक शिक्षा परीक्षा सञ्चालन व्यवस्थापनका क्रममा गरिनुपर्ने प्रक्रिया, उत्तपुस्तिका परीक्षण/सम्परीक्षण का क्रममा अवलम्बन गर्नुपर्ने प्रक्रिया, देखिएका समस्याहरु, निर्देशिका र परिपत्रबाट प्राप्त जानकारीहरु तथा त्रुटीरहित उत्तरपुस्तिका परीक्षण/सम्परीक्षणका विभिन्न तौर तरिकाहरुका बारेमा छलफल तथा उदाहरणहरु प्रस्तुत गर्नुभयो।

<u>प्रस्तुतीमा समेटिएका मुख्य विषयवस्तु:</u>

- परीक्षणमा देखिएका मुख्य त्रुटिहरु
- परीक्षकले ध्यान दिनुपर्ने मुख्य बुँदा
- सम्परीक्षकले ध्यान दिनुपर्ने मुख्य बुँदा
- परीक्षण केन्द्रले गर्नुपर्ने तयारी एवम् ध्यान दिनुपर्ने मुख्य कुराहरू

- शिक्षा विकास तथा समन्वय एकाइले ध्यान दिनुपर्ने कुरा

यसै सन्दर्भमा राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश परीक्षा व्यवस्थापन कार्यालय पोखराका प्रमुख श्री सुबास पन्तबाट थप उदाहरण सहित जानकारीहरु प्रस्तुत।

## ७. सहभागी, कार्यक्रम अवधी र कार्यक्रम स्थल

विद्यालयका प्रधानाध्यापक, केन्द्राध्यक्ष, शिक्षा विकास तथा समन्वय इकाईका प्रमुखहरू, स्थानीय तहका शिक्षा अधिकृत, निजी तथा आवासीय विद्यालयका प्रतिनिधि, प्रिन्सिपलहरू, राष्ट्रिय परीक्षा बोर्डका कर्मचारी तथा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव र अन्य अधिकृतहरू गरी ४० जनाको सहभागिता रहेको थियो।

## ८. प्रशिक्षक तथा कर्मचारी व्यवस्थापन

यस परीक्षा सुधार कार्यशालाका लागि अतिरिक्त प्रदेश सचिव सहित महाशाखाका कर्मचारीहरूको छलफलबाट राष्ट्रिय परीक्षा वोर्डका पूर्व अध्यक्ष श्री महाश्रम शर्मा, यसै मन्त्रालयका सचिव डा. शेषनारायण पौडेल र शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्य सहजकर्ताको रूपमा रहनुभएको थियो।

**तालिम सञ्चालन व्यवस्थापनको लागि कर्मचारीहरूको कार्यविभाजन**

| सि.नं. | कार्य जिम्मेवारी | संयोजक | पद | कैफियत |
|---|---|---|---|---|
| १ | संयोजक | खेमराज पौडेल | शाखा अधिकृत | |
| २ | प्रतिवेदक | प्रकाश ओझा | शाखा अधिकृत | |
| ३ | सहयोगी १ | कृष्ण गौतम | का.स. | |
| ४ | सहयोगी २ | दुर्गा थापा | का.स. | |

## ९. कार्यशालामा प्राप्त मुख्य सुझावहरू

### क. नीतिगत र कानुनी व्यवस्था र संशोधन हुनुपर्ने विषयहरु समेत

कक्षा १० को अन्तमा लिइने परीक्षा (SEE) प्रदेशस्तरमा व्यवस्थापन गर्ने नीति (राष्ट्रिय पाठ्यक्रम प्रारूपले पनि कक्षा १० को परीक्षा व्यवस्थापनको जिम्मेवारी प्रदेशलाई दिएको, चालु आ.व.को बजेटमा समेत उल्लेख) भएतापनि हालसम्म मुलतः संघ तहबाट नै यो परीक्षा व्यवस्थापन भएको। उत्तर पुस्तिका ब्यबस्थापन र खर्च ब्यबस्थापन मात्र प्रदेश मार्फत हुने गरेको।

तीन तहका सरकारबीच क्षेत्राधिकारमा अन्योल, बाझिएका नियमहरूका फलस्वरूप जवाफदेहिता र उत्तरदायित्व प्रणाली कमजोर छ। तत्काल संघीय शिक्षा ऐन जारी गरी प्रदेश र स्थानीय तहको भूमिका प्रष्ट पार्नुपर्दछ। SEE व्यवस्थापन सम्वन्धी सम्पूर्ण कार्य प्रदेश तहबाट हुनुपर्दछ। जिल्ला परीक्षा समन्वय समितिमा ३ जना सुरक्षाका पदाधिकारी हुने संकटकालको व्यवस्था हाल आवश्यक नरहेको। सजिलै कार्यान्वयन गर्न खालको प्रष्ट कानून हुनुपर्ने।

परीक्षा सञ्चालन खर्च पेश्कीको रूपमा जिल्लामा प्राप्त हुने सक्कल बील भरपाइ शिक्षा विकास निर्देशनालयमा बुझाउनुपर्ने भएकोले लेखापरीक्षणका क्रममा सक्कल विल भरपाइ पेस गर्नमा समस्या रहेकोले जिल्लालाई पेस्की नभई अख्तियारी दिनुपर्ने तथा कक्षा १० र कक्षा १२ को परीक्षा नियन्त्रण कार्यालय एउटै हुनुपर्ने।

**ख. रजिष्ट्रेसन र परीक्षा आवेदन संकलन व्यवस्थापन**

रजिष्ट्रेसन र परीक्षा आवेदन विद्यालयबाट राम्रोसँग रूजु नभएको, अभिभावकले फरक फरक जन्ममिति पेस गर्ने , विद्यालयले समयमा परीक्षा आवेदन फाराम नबुझाउने, अभिभावकले जन्म दर्ता समयमा उपलब्ध नगराउने तथा कतिपय विद्यार्थीको जन्मदर्ता नै हुन नसकेको अवस्था छ। अनलाइन इन्ट्री तथा संसोधनको प्रक्रिया अवलम्बन गर्नुपर्ने। परीक्षा बोर्ड र IEMIS को डाटा exchange प्रणाली विकास गर्ने।

रजिष्ट्रेशन details लाई IEMIS वा VRS प्रणालीसँग जोड्नुपर्ने, आवेदन फाराम भराउँदा विद्यालयबाट सम्भवभएसम्म अभिभावकको उपस्थितिमा अनलाईन भराउने व्यवस्था गर्ने, जन्मदर्ता र कक्षा ८ उत्तीर्ण प्रमाण पत्रको आधारमा रजिष्ट्रेशन र आवेदन फाराम भराउने व्यवस्था प्रभावकारी बनाउने, जन्मदर्ता प्रकृयालाई सरलीकृत गर्ने वा अन्य वैकल्पिक व्यवस्था गर्नुपर्ने, रजिष्ट्रेशन फाराम भराउँदा कक्षा शिक्षक, कर्मचारी, प्र.अ. सबैले रूजुगर्ने व्यवस्था गर्ने। इकाइलाई पनि रजिष्ट्रेशन सिस्टममा पहुँच भएमा रूजू गर्न सकिने ।

**ग. परीक्षा केन्द्र निर्धारण**

हरेक जिल्लामा कम्तीमा एक परीक्षण केन्द्र अनिवार्य गरिनु पर्ने, सुगम स्थानमा न्यूनतम परीक्षार्थी पुग्ने गरी केन्द्र निर्धारण गर्नुपर्ने, दुर्गम स्थानका लागि छुट्टै मापदण्ड तयार गर्नुपर्ने, न्यूनतम भौतिक मापदण्ड पुगेका विद्यालयलाई मात्र केन्द्र तोक्ने र आधारभूत सुविधा (उज्यालो, हावा, फर्निचर, इन्टरनेट) सुनिश्चित गर्ने, परीक्षण केन्द्र सदरमुकाममा मात्र केन्द्रित नगरी क्लष्टरमा आधारित बनाउनु पर्ने।

**घ. उत्तरपुस्तिका भण्डारण, वितरण र संकलन व्यवस्थापन**

सुरक्षा केन्द्रहरुमा भण्डारणका लागि र्‍याक, दराज वा बाकस ब्यबस्थापन हुनुपर्ने, सुरक्षा प्रतिनिधि सहित ढुवानी गर्ने ब्यबस्थाका सम्बन्धमा भौगोलिक विकटता र दुरीलाई आधार मानी ढुवानीको रकम निर्धारण गर्नुपर्ने, उ.पु. परीक्षण र व्यवस्थापनका लागि उपयुक्त हल र सुरक्षाका लागि बजेट व्यवस्था गर्ने।

**ङ. परीक्षामा खटिने जनशक्तिको क्षमता विकास र परिचालन**

परीक्षा व्यवस्थापन तथा सञ्चालनमा सुरक्षाकर्मीभन्दा प्राज्ञिक जनशक्ति परिचालनमा जोड दिनुपर्ने। परीक्षामा संलग्न केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक र कर्मचारीहरूलाई अभिमुखीकरणको लागि बजेट तथा पर्याप्त स्रोत साधनको व्यवस्थापन गर्नुपर्ने, दक्ष र अनुभवी शिक्षकहरूलाई उ.पु. परीक्षणमा प्रोत्साहित गर्नुपर्ने, केन्द्र विद्यालयहरूमा परीक्षार्थी विवरणको सफ्टकपी परीक्षा सञ्चालनको कम्तीमा ३ दिन अगाडी नै पठाउनु पर्ने, प्रअ एवम् विषयगत शिक्षकहरूबाट समीक्षा गर्नुपर्ने, प्रत्येक कक्षामा दुईजना निरीक्षक रहने व्यवस्था गर्ने, प्राथमिक तहको मात्र निरीक्षक राख्ने व्यवस्था हटाउनु पर्ने, विषय शिक्षकहरूलाई प्रश्नपत्र निर्माण कार्यशालामा नियमित सहभागी गराउने।

**च. प्रश्नपत्रको गोपनीयता, उत्तपुस्तिका परीक्षण/सम्परीक्षण,**

उत्तरपुस्तिका परीक्षण र सम्परीक्षणको पारिश्रमिक वृद्धि गर्नुपर्ने । एउटै बोर्ड अन्तर्गत सञ्चालित परीक्षा (कक्षा १० र १२) को गोपनीयता तथा परीक्षण/सम्परीक्षणका नर्म्स एउटै बनाउने, चैत्र महिना र वैशाखको पहिलो हप्ताभित्रमा उ.पु. परीक्षण हुने गरी कक्षा १० को परीक्षा सञ्चालनको समयतालिका ल्याउने, उ.पु.परीक्षणका लागि उचित पारिश्रमिक र प्रतिदिन अधिकतम् उ.पु. सङ्ख्या तोकी परीक्षण गर्ने व्यवथा गर्नुपर्ने |
परीक्षण केन्द्रको भौतिक पूर्वाधार र त्यसको व्यवस्थापनमा उचित ध्यान दिनुपर्ने । परीक्षकहरुलाई खानेपानी तथा शौचालय सहितको शान्त र मर्यादित वातावरणका लागि परीक्षण केन्द्र प्रमुख र त्यहाँ खटिने कर्मचारी जिम्मेवार हुनुपर्ने । बनाउनुपर्ने ।

**छ. विशेष अवस्थामा परीक्षा सञ्चालनः**

लेख्न नसक्ने तर बोल्न सक्ने सबै खाले अपाङ्गता भएका परीक्षार्थीलाई लेखन सहयोगी राख्ने व्यवस्था गर्नुपर्ने, बन्दी परीक्षार्थीलाई पनि अन्य परीक्षार्थीहरू रहेकै परीक्षा केन्द्रमा विशेष व्यवस्था सहित परीक्षाको व्यवस्था गर्नुपर्ने, अपाङ्गता भएका र विशेष आवश्यकता भएका सुत्केरी, क्रियापुत्री समेतका लागि अपाङ्ग मैत्री कक्ष व्यवस्थापन हुनुपर्ने, समय व्यवस्थापनमा सहजीकरण गर्नुपर्ने, यस प्रयोजनको लागि थप निरीक्षकको ब्यबस्था हुनुपर्ने ।

**ज. परीक्षा केन्द्र र हलको मनोवैज्ञानिक पक्ष एवम् खानतलासी**

परीक्षा पूर्व काउन्सिलिङ गर्ने, परीक्षा हलमा डर रहित वातावरण सिर्जना गर्ने सम्बन्धमा निरीक्षक तथा कर्मचारीहरूलाई प्रशिक्षित गर्नुपर्ने, विद्यार्थीमैत्री वातावरण निर्माणमा सबै पक्ष जिम्मेवार हुनुपर्ने, आचारसंहिता निर्माण गरी कडाइका साथ लागू गर्ने । मर्यादित तरिकाले विद्यार्थीको मनोविज्ञानमा असर नपर्ने गरी निशेधित सामग्रीहरुको खानतलासी गर्ने, कारागार र सुधारगृहहरूमा उपकेन्द्र कायम गर्ने व्यवस्था गर्नुपर्ने ।

**झ. खानेपानी र शौचालय**

सफा र पर्याप्त खानेपानीको व्यवस्था, शौचालयको लागि नियमित संरचना नै प्रयोग गर्ने व्यवस्था मिलाउने, छात्र र छात्रा शौचालय अलग अलग हुनुपर्ने, सरसफाइमा उचित ध्यान दिनुपर्ने तथा सरसफाइ र पानीको लागि बजेट व्यवस्था गर्नुपर्ने ।
परीक्षा केन्द्रमा बाहिर-भित्र, शौचालय, खानेपानी, कार्यालय, कोठा नम्बर, तला सङ्ख्या जस्ता उचित सूचना जानकारीहरु प्रभावकारी ढङ्गमा प्रदर्शन गर्नुपर्ने ।

**ञ. वित्तीय व्यवस्था तथा मसलन्द**

ढुवानी, सेनिटरी प्याड लगायत मसलन्द खर्च सान्दर्भिक बनाउने, स्थानीय तहसँग सेनिटरी प्याड लगायत स्वास्थ्य सामग्री व्यवस्थापनका लागि सहकार्य गर्नुपर्ने, परीक्षा सञ्चालन तथा व्यव्थापन सम्बन्धमा अभिमूखीकरणको लागि बजेट व्यवस्था गर्ने । कक्षा १० र १२ को खर्चको नर्म्स समयानुकूल बनाउँदै एकरूपता कायम गर्नुपर्ने ।

**ट. अनुगमन सम्बन्धी**

अनुगमनका लागि छुट्टै 'चेकलिस्ट' र तत्काल कारबाही/सुधारको लागि संयन्त्र बनाउने, स्थानीय तहको हकमा शिक्षा शाखाका जनशक्तिको परिचालन गर्ने, अनुगमनमा खटिने कर्मचारीलाई सामान्य खाजा खाना खर्चका लागि बजेट व्यवस्था गर्नुपर्ने, अन्तर तह समन्वय वृद्धि हुनुपर्ने, अनुगमन प्रतिवेदनलाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउनुपर्ने, अनुगमनको प्रतिबेदन अध्ययन र कार्यान्वयन हुनुपर्ने, अनुगमन आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्नुपर्ने । अनुगमनमा एकरूपता ल्याउने गरी सूचक सहितको ढाँचा विकास गरी कार्यान्वयन गर्ने,

अनुगमनकर्ता छनोट गर्दा नियामक निकाय, शिक्षा समिति र कम्तीमा केन्द्राध्यक्ष भएका वा सो सरहका व्यक्तीहरू मात्र पर्ने गरी मापदण्ड निर्धारण गर्नुपर्ने, अनुगमनको लागि बजेट थप गर्नुपर्ने, अनलाइन अनुगमन प्रतिवेदन प्रणालीको व्यवस्थापन हुनुपर्ने । संघ, प्रदेश र स्थानीय तहको उचित समन्वयका लागि तीनै पक्ष जिम्मेवार हुनुपर्ने ।

**ठ. नतिजा प्रकाशन र समीक्षा (प्रमाणपत्र वितरण एवम् संशोधन समेत)**

परीक्षा सम्पन्न भएको ४५ देखि ६० दिन भित्र त्रुटी रहित नतिजा प्रकाशन हुनु पर्ने, त्रुटी संशोधन प्रदेश तहमा गर्ने व्यवस्था गर्नुपर्ने, नतिजा प्रकाशन भएकै दिन विद्यालयले ग्रेड लेजर डाउनलोड गर्न सक्ने व्यवस्था गर्नुपर्ने, विगतका बर्षहरूका लेजर आवश्यकता अनुसार विद्यालयले अनलाइन हेर्न पाउने व्यवस्था गर्नुपर्ने, नियमित र आंशिक परीक्षाका ग्रेडसीट एकीकृत गरी जिल्लामा नै प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्ने, नतिजा पुनरावलोकनका लागि शिक्षा विकास तथा समन्वय इकाइ (EDCU) ले संकलन गरी प्रदेश र केन्द्रमा पठाउने प्रणाली विकास गर्ने । केन्द्राध्यक्ष, विषय शिक्षक र अन्य सरोकारवालाहरूसँग स्थानीय, जिल्ला, प्रदेश र केन्द्रस्तरमा समीक्षा गरी वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था हुनुपर्ने ।

## १०. कार्यशालाको समापन सत्र

एन प्याबसन कास्कीका अध्यक्ष हेमन्त अधिकारीः

कार्यशालामा सहभागी हुने मौकाका लागि धन्यवाद, परीक्षामा खटिने निरीक्षकलाई राम्ररी निर्देशन दिनुपर्छ, परीक्षा केन्द्रमा सुरक्षाकर्मी हतियार सहित उपस्थित हुनुभएन, अड्कोपड्कोमा परीक्षार्थीलाई परीक्षा केन्द्रमा लजिस्टिक्स उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ । विद्यार्थीको मनोबल घटाउने होइन उत्प्रेरित गर्नुपर्दछ । परीक्षार्थी उत्तिर्ण हुनुपर्छ भन्ने मान्यतामा परीक्षा सञ्चालन गरौं, सहजीकरण गरौं ।

व्यास नगरपालिकाका शिक्षा शाखा प्रमुख केदार आचार्यः

परीक्षाको समयमा मात्र छलफल हुन्छ, विद्यार्थीमा बढि शंका गर्छौं । प्राक्टिकल/आन्तरिक अङ्कलाई व्यवहारिक बनाउन सकेनौं, जसले पढाउँछ उसैले परीक्षण गर्नुपर्छ । कोरोनाकालका विद्यार्थीको नतिजा र त्यसको प्रभाव के छ हेर्नु पर्दछ । त्यसले नराम्रो गरेको त थाह छैन । निशुल्क शिक्षा भनेको छ, रजिष्ट्रेशन शुल्क पनि उठाएको छ । विद्यार्थीले के जानेको छ भनी हेर्नुपर्दछ, के जानेको छैन हेर्ने होइन । सबै विषय किन पास हुनुपर्यो ? एक विषयमा उत्कृष्ट नतिजा ल्याउन सक्छ नि । परिवर्तन हुनेवाला छैन, हेर्न मन लाग्न पनि छाड्यो । गरिदिने कसले हो ?

स्याङ्जा जिल्लाका इकाई प्रमुख विश्वराज आचार्यः

SEE सञ्चालन व्यवस्थापन निर्देशिका, २०६८ परिमार्जन हुनुपर्छ । परीक्षा केन्द्र निर्धारणमा एकरूपता भएन, नीति अनुसार गरौं आ-आफ्नो पारामा होइन । परीक्षामा खटिने कर्मचारीको सेवा सुविधामा समस्या छ । मलाई केन्द्राध्यक्ष नराखीदिनुहोस् भन्न थालिएको छ । हुल बाँधेर पत्रकार, शिक्षक संघ-संगठन अनुगमनमा जाने परिपाटी रोकेका छौं । गर्न चाहे सकिंदो रहेछ । स्थानीय तहका जनप्रतिनिधिहरू बढी सङ्ख्यामा जाँदा भिडभाड हुन जाने समस्या छ । Health Desk स्थानीय तहबाट व्यवस्थापन हुने गरेको छ । स्वास्थ्य र विपद्का हिसावले पनि तयारी

गर्नुपर्दछ । परीक्षक सम्परीक्षकको लागि तालिमको व्यवस्थापन गर्नुपर्दछ । अनिवार्य गरौं । सबै परीक्षकलाई Update गराउनुपर्दछ ।

महाश्रम शर्मा, पिएचडी

कार्यक्रम आयोजनाको लागि मन्त्रालयलाई धन्यवाद । परीक्षा व्यवस्थापन लगायत धेरै क्षेत्रमा प्रगति भएको छ तुलनामा केही भएन जस्तो लागेको मात्र हो । बच्चाप्रतिको जिम्मेवारी सबैले लिनुपर्छ एक तहले अर्को तहलाई दोषारोपण नगरौं । दृष्टिकोणमा सुधार ल्याउन आवश्यक छ ।

शिक्षण सिकाइमा सुधार ल्याउन नसकेर पनि परीक्षा सम्बन्धी धेरै समस्याहरू देखिएका छन् । कक्षाकोठालाई नबदली परीक्षा कसरी बदल्न सक्छौं ? विश्वविद्यालयको पाठ्यक्रम पनि परिवर्तन गर्न आवश्यक छ । स्रोतको समस्याले पनि कमिकमजोरी देखिएको छ । हाम्रै बच्चा हो, कक्षा १० सम्म पढाएको बच्चा हो, सुविधा कम भयो भनेर इमान्दारितापूर्वक जिम्मेवारी निर्वाह गर्न नछाडौं । पाठ्यक्रम अनुसार प्रश्न निर्माणको पर्याप्त तालिम दिन र कार्यान्वयन गराउन नसकेकै हो ।

प्रहरी चाहिँदैन भन्ने स्थानमा कहिले पुग्ने हो ? Learning is a continuos process को मान्यता स्थापित गरौं । तलैदेखि सुधार गर्दै लैजानुपर्छ । परीक्षा सञ्चालन व्यवस्थापनका सबै चक्रमा संवेदनशील बनौ प्रश्न निर्माण सम्बन्धमा समस्याहरु छन् । परीक्षणमा धेरै अङ्कको फरक पर्ने गरेको छ । सबै क्षेत्रबाट नतिजा सुधार गर्न, गुणस्तर उठाउन प्रयास गरौं । यहाँहरु सबैको योगदानको कामना गर्दछु ।

कार्यशाला अध्यक्षज्यूबाट मन्तव्य सहित समापन

प्रदेश सचिव डा. शेषनारायण पौडेलज्यूको परामर्शमा यो कार्यशाला आयोजना गरिएको हो । प्रभावकारी सहभागिता रहोस् र केही खास निश्कर्ष निस्कोस् भनेर प्रयास गरिएको छ । विज्ञ प्रशिक्षक डा. महाश्रम शर्मालाई दुई दिनसम्म समय दिनुभएकोमा विशेष धन्यवाद । प्रशासन सेवाको व्यक्ति भएर पनि सचिवज्यूबाट शिक्षा क्षेत्रका मसिना कुरामा ध्यान दिएर कुराहरु राख्नुभएको छ । मा. मन्त्रीज्यूबाट छलफल गरी सुझाव तथा निश्कर्ष निकाल्न र त्यसको कार्यान्वयमा मन्त्रालयको सहयोग रहन्छ भन्नुभएको छ । साथै प्रतिवेदन तयार गरी संघ सरकारसमक्ष पठाउने कुरा पनि गर्नेछौं । यो प्रतिवेदन परीक्षा व्यवस्थापन तथा सञ्चालनमा सुधारको लागि मार्गदर्शक अभिलेख बन्नेछ ।

हामीसँग उपलब्ध स्रोतको प्रभावकारी प्रयोग गरौं । उत्तरपुस्तिकाहरू सबै जिल्लामा पुगीसकेको छ । परीक्षण केन्द्रमा पनि परीक्षकको अभिमुखीकरण र खाना खाजाको लागि रकम व्यवस्था गरिएको छ । सहभागी, प्रशिक्षक, हल उपलब्ध गराउनुभएकोमा बोर्डको कार्यालय तथा कर्मचारी लगायत सबैलाई धन्यवाद ।

## ११. निष्कर्ष र सुझाब

- परीक्षा सञ्चालन व्यवस्थापन सम्बन्धमा कार्यान्वयन योग्य प्रष्ट कानून निर्माण हुनुपर्ने, परीक्षा सञ्चालन निर्देशिकामा समसायिक परिमार्जन गर्नुपर्ने । SEE व्यवस्थापन सम्वन्धी सम्पूर्ण कार्य प्रदेश तहबाट हुनुपर्ने ।

जिल्ला परीक्षा समन्वय समितिमा ३ जना सुरक्षाका पदाधिकारी हुने संकटकालको व्यवस्था हाल आवश्यक नरहेको ।

- परीक्षा सञ्चालन खर्च पेश्कीको रूपमा जिल्लामा प्राप्त हुने तर फछ्र्योट र लेखापरीक्षणमा सक्कल विल पेस गर्नमा समस्या रहेकोले जिल्लालाई पेस्की नभई अख्तियारी दिनुपर्ने तथा कक्षा १० र कक्षा १२ को परीक्षा नियन्त्रण कार्यालय तथा परीक्षा सम्बन्धी नर्म्समा एकरूपता हुनुपर्ने ।
- रजिष्ट्रेशन details लाई IEMIS वा VRS प्रणालीसँग जोड्नुपर्ने, आवेदन फाराम भराउँदा विद्यालयबाट अभिभावकको रोहवरमा अनलाईन भराउने व्यवस्था गर्ने, जन्मदर्ता र कक्षा ८ उत्तीर्ण प्रमाण पत्रको आधारमा रजिष्ट्रेशन र आवेदन फाराम भराउने व्यवस्था प्रभावकारी बनाउने, रजिष्ट्रेशन फाराम भराउँदा कक्षा शिक्षक, कर्मचारी, प्र.अ. सबैले रूजुगर्ने व्यवस्था गर्ने । इकाइलाई पनि रजिष्ट्रेशन सिस्टममा सिमीत पहुँच दिनुपर्ने ।
- हरेक जिल्लामा कम्तीमा एक परीक्षण केन्द्र अनिवार्य गरिनु पर्ने, सुगम स्थानमा न्यूनतम् परीक्षार्थी पुग्नेगरी केन्द्र निर्धारण गर्नुपर्ने, दुर्गम स्थानका लागि छुट्टै मापदण्ड तयार गर्नुपर्ने, न्यूनतम भौतिक मापदण्ड पुगेका विद्यालयलाई मात्र केन्द्र तोक्ने ।
- प्रश्नपत्र, उत्तरपुस्तिका लगायतका गोप्य सामग्री भण्डारणका लागि सुरक्षा निकायमा दराज वा बाकस ब्यवस्थापन हुनुपर्ने, भौगोलिक विकटता र दुरीलाई आधार मानी ढुवानीको रकम निर्धारण गर्नुपर्ने, उ.पु. परीक्षण र व्यवस्थापनका लागि हल र सुरक्षाका लागि बजेट व्यवस्था गर्ने ।
- परीक्षामा सम्लग्न कर्मचारीहरूलाई अभिमुखीकरणका लागि उचित स्रोत व्यवस्थापन गर्नुपर्ने, दक्ष र अनुभवी शिक्षकहरूलाई उ.पु. परीक्षण कार्यमा सहभागी हुन प्रोत्साहित गर्नुपर्ने, थप निरीक्षकको ब्यवस्था हुनुपर्ने । प्राथमिक तहको शिक्षक मात्र निरीक्षक राख्ने व्यवस्था हटाउनु पर्ने ।
- चैत्र महिना र वैशाखको पहिलो हप्ताभित्रमा उ.पु. परीक्षण सम्पन्न हुने गरी कक्षा १० को परीक्षा सञ्चालनको समयतालिका ल्याउने, उ.पु.परीक्षणका लागि प्रतिकपि समयानुकूल पारिश्रमिक र प्रतिदिन अधिकतम् उ.पु.परीक्षण सङ्ख्या निर्धारण गर्ने |
- लेख्न नसक्ने/असहज हुने तर बोल्न सक्ने सबै खाले अपाङ्गता भएका परीक्षार्थीलाई लेखन सहयोगी राख्ने व्यवस्था गर्नुपर्ने, बन्दी परीक्षार्थीलाई पनि अन्य परीक्षार्थीहरू रहेकै परीक्षा केन्द्रमा व्यवस्था गर्नुपर्ने, अपाङ्गता भएका र विशेष आवश्यकता भएका सुत्केरी, क्रियापुत्री आदिका लागि अपाङ्गमैत्री कक्ष सहितको व्यवस्थापन हुनुपर्ने ।
- विद्यार्थीहरूलाई परीक्षा पूर्व परामर्श तथा हौसला प्रदान गर्ने, परीक्षा हलमा भयरहित वातावरण सिर्जना गर्ने, निरीक्षक तथा कर्मचारीहरूलाई प्रशिक्षित गर्नुपर्ने, विद्यार्थीमैत्री वातावरण निर्माणमा सबै पक्ष जिम्मेवार हुनुपर्ने, आचारसंहिता निर्माण गरी कडाइका साथ लागू गर्ने ।
- शौचालयको लागि नियमित संरचना प्रयोग गर्ने व्यवस्था मिलाउने, सरसफाइमा उचित ध्यान दिनुपर्ने तथा सरसफाइ र पानीको लागि बजेट व्यवस्था गर्नुपर्ने । सेनेटरी प्याड लगायत मसलन्द खर्च सान्दर्भिक बनाउने ।
- अनुगमनका लागि एक रूपता ल्याउन छुट्टै 'डिजिटल चेकलिस्ट' प्रयोगमा ल्याउने र तत्काल कारबाही/सुधारको संयन्त्र बनाउने, अनुगमनको लागि स्थानीय तहको हकमा शिक्षा शाखाका जनशक्तिको परिचालन गर्ने, अनुगमनमा खटिने कर्मचारीलाई पारिश्रमिकको व्यवस्था गर्नुपर्ने, अन्तर तह समन्वय वृद्धि हुनुपर्ने,
- परीक्षा अनुगमनको प्रतिबेदन अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने, अनुगमन आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्नुपर्ने । अनुगमनकर्ता छनोट गर्दा नियामक निकाय, शिक्षा समिति र कम्तीमा केन्द्राध्यक्ष भएका व्यक्तीहरू मात्र पर्ने गरी मापदण्ड निर्धारण गर्नुपर्ने ।

- परीक्षा सम्पन्न भएको ४५ देखि ६० दिन भित्र त्रुटी रहित नतिजा प्रकाशन गर्नुपर्ने, त्रुटी संशोधन प्रदेश तहमा गर्ने व्यवस्था गर्नुपर्ने, विद्यालयले नतिजा प्रकाशन भएकै दिन ग्रेड लेजर डाउनलोड गर्न सक्ने व्यवस्था गर्नुपर्ने, विगतका बर्षहरूका लेजर आवश्यकता अनुसार विद्यालयले अनलाईन हेर्न पाउने व्यवस्था गर्नुपर्ने,
- नियमित र आंशिक परीक्षाका ग्रेडसीट एकीकृत गरी जिल्लाबाटै प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्ने, नतिजा पुनरावलोकनका लागि EDCU ले संकलन गरी प्रदेश र केन्द्रमा पठाउने प्रणाली विकास गर्ने । अनलाइन प्रक्रियाबाट संसोधनको व्यवस्था हुनुपर्ने |
- नवलपरासी (ब.स.पू) को कक्षा १२ का विद्यार्थीहरूको परीक्षा सञ्चालन व्यवस्थापनका कार्यहरू पनि राष्ट्रिय परीक्षा बोर्डको गण्डकी प्रदेशमा रहेको प्रदेश परीक्षा व्यवस्थापन कार्यालय मार्फत नै गर्ने व्यवस्था मिलाउनु पर्ने ।

राष्ट्रिय परीक्षा बोर्डका पूर्व अध्यक्ष, नेपाल सरकारका पूर्व सचिव जस्ता विद्यावारिधी उपाधि प्राप्त विज्ञ प्रशिक्षकको २ दिनको लगातार सहजीकरण, वैदेशिक अध्ययन तथा शिक्षालयहरूको अनुभव भएका नेपाल सरकारका सहसचिव डा. शेषनारायण पौडेलबाट विविध विषयमा प्रस्तुती तथा अनुभव आदान प्रदान, लामो समय जिल्लास्थित शिक्षा कार्यालयको नेतृत्व गरिरहनुभएका लामो अवधिदेखि माध्यमिक तहको परीक्षा सञ्चालन गर्दै आउनुभएका शिक्षा सेवाका कर्मचारीहरु तथा स्थानीय तहमा परीक्षा व्यवस्थामा सहभागी हुँदै आउनुभएका कर्मचारीहरु तथा निजी क्षेत्रका विद्यालय सञ्चालक एवम् प्राचार्यहरुको सक्रिय सहभागिताबाट निकालिएका माथि उल्लेखित सुझावहरू कार्यान्वयनमा ल्याउन सकेमा माध्यमिक शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापनमा उल्लेख्य सुधार हुनेछ ।

## *अनुसूची १ सहभागीहरुको विवरण*

| सि.न. | नाम थर | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | मन्त्री | माननीय विन्दुकुमार थापा | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | |
| २ | पूर्व अध्यक्ष | महाश्रम शर्मा | राष्ट्रिय परीक्षा बोर्ड, नेपाल | |
| ३ | अतिरिक्त सचिव | दामोदर सुवेदी | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | |
| ४ | सदस्य | सुबाश पन्त | प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति तथा कार्यालय प्रमुख प्रदेश परीक्षा व्यवस्थापन कार्यालय | |
| ५ | सदस्य | कृष्ण प्रसाद आचार्य | प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति तथा प्रधानाध्यापक विन्ध्यवासिनी मा वि | |
| ६ | उपसचिव | तोयानाथ लम्साल | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | |
| ७ | उपसचिव | घनश्याम पौडेल | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | |
| ८ | उपसचिव | प्रकाश देवकोटा | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | |
| ९ | उपसचिव | विमला कुमारी शर्मा | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | |
| १० | इकाइ प्रमुख | लोकनाथ आचार्य | शिक्षा विकास तथा समन्वय इकाइ | |
| ११ | इकाइ प्रमुख | ध्रुवप्रसाद कोइराला | शिक्षा विकास तथा समन्वय इकाइ | मनाङ |
| १२ | इकाइ प्रमुख | दिवाकर शर्मा | शिक्षा विकास तथा समन्वय इकाइ | लमजुङ |
| १३ | इकाइ प्रमुख | विश्व प्रकाश रेग्मी | शिक्षा विकास तथा समन्वय इकाइ | गोरखा |
| १४ | इकाइ प्रमुख | कृष्ण प्रसाद श्रेष्ठ | शिक्षा विकास तथा समन्वय इकाइ | तनहुँ |
| १५ | इकाइ प्रमुख | विश्व राज आचार्य | शिक्षा विकास तथा समन्वय इकाइ | स्याङ्जा |
| १६ | इकाइ प्रमुख | रामेश्वर लामिछाने | शिक्षा विकास तथा समन्वय इकाइ | मुस्ताङ |
| १७ | इकाइ प्रमुख | विदुर शर्मा चापागाई | शिक्षा विकास तथा समन्वय इकाइ | म्याग्दी |
| १८ | इकाइ प्रमुख | प्रकाश बन्धु अर्याल | शिक्षा विकास तथा समन्वय इकाइ | बागलुङ |
| १९ | इकाइ प्रमुख | मोतिलाल चपाई | शिक्षा विकास तथा समन्वय इकाइ | पर्वत |
| २० | इकाइ प्रमुख | दिपेन्द्र राज श्रेष्ठ | शिक्षा विकास तथा समन्वय इकाइ | नवलपुर |
| २१ | शिक्षा शा. प्रमुख | पदमराज आचार्य | मध्यविन्दु नगरपालिका | नवलपुर |
| २२ | शिक्षा शा. प्रमुख | केदारराज आचार्य | व्यास नगरपालिका | तनहुँ |
| २३ | शिक्षा शा. प्रमुख | वावुराम वराल | पुतलीबजार नगरपालिका | स्याङ्जा |
| २४ | शिक्षा शा. प्रमुख | क्षेत्रबहादुर भण्डारी | बेनी नगरपालिका | म्याग्दी |
| २५ | प्र.अ. | रमेश भट्टराई | भवानी कालिका मा.वि., पोखरा-२६ | कास्की |
| २६ | प्र.अ. | मिनराज अधिकारी | महेन्द्र मा.वि., माछापुच्छ्रे गा.पा. | कास्की |
| २७ | प्र.अ. | शिरोमणि लामिछाने | नविन मा.वि., पोखरा-०४ | कास्की |

| सि.न. | नाम थर | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| २८ | प्र.अ. | जगन्नाथ अधिकारी | लक्ष्मी मा.वि., पोखरा-२६ | कास्की |
| २९ | अध्यक्ष | हेमन्त अधिकारी | एन प्याबसन कास्की | कास्की |
| ३० | प्राचार्य | कृष्ण के.सी. | पोखरा पब्लिक बोर्डिङ स्कुल, पोखरा-१४ | कास्की |
| ३१ | प्राचार्य | दिनेश कुमार श्रेष्ठ | प्रगति इङ्लिस बोर्डिङ स्कुल, पोखरा-१६ | कास्की |
| ३२ | प्राचार्य | डा. रामजी शर्मा | न्यू ग्यालेक्सी इङ्लिस बोर्डिङ स्कूल, पोखरा-०३ | कास्की |
| ३३ | प्राचार्य | कृष्ण के.सी. | पोखरा पब्लिक बोर्डिङ स्कुल, पोखरा-१४ | कास्की |
| ३४ | प्रिन्सिपल | लक्ष्मण बाबु आचार्य | मनकामना अंग्रेजी माध्यमिक विद्यालय | लमजुङ |
| ३५ | प्राचार्य | डा. रामजी शर्मा | न्यू ग्यालेक्सी इङ्लिस बोर्डिङ स्कूल, पोखरा-०३ | कास्की |
| ३६ | प्रिन्सिपल | दिपक कुँवर | न्यू मोर्डन बोर्डिङ स्कूल बुर्तिवाङ | बागलुङ |
| ३७ | प्रधानाध्यापक | सागर खरेल | भिमगिठे माध्यमिक विद्यालय | बागलुङ |
| ३८ | शाखा अधिकृत | खेमराज पौडेल | सा.वि.यु.खे.म. शिक्षा विकास महाशाखा, बगर | |
| ३९ | शाखा अधिकृत | रामचन्द्र ढुङ्गाना | शिक्षा विकास महाशाखा, बगर | |
| ४० | शाखा अधिकृत | प्रकाश ओझा | शिक्षा विकास महाशाखा, बगर | |
| ४१ | शाखा अधिकृत | शुशिला अधिकारी | शिक्षा विकास महाशाखा, बगर | |
| ४२ | कम्प्यूटर अधिकृत | गोविन्द पुलामी मगर | शिक्षा विकास महाशाखा, बगर | |
| ४३ | प्राविधिक सहायक | राजकुमार गौतम | शिक्षा विकास महाशाखा, बगर | |

## *अनुसूची २* कार्यशालाको कार्यतालिका

| पहिलो दिन | | |
|---|---|---|
| समय | क्रियाकलाप | कैफियत |
| १०.३० – ११.०० | शुभारम्भ, परिचय | |
| ११.०० – १२.३० | मूल्याङ्कन/परीक्षाको अवधारणा, SEE परीक्षा सञ्चालन सम्बन्धी विद्यमान अवस्था, देखिएका समस्या, चुनौती एवम् सुधारका उपायहरू | डा. महाश्रम शर्मा<br>पूर्व अध्यक्ष<br>राष्ट्रिय परीक्षा बोर्ड नेपाल |
| १२.३० – १२.४० | छोटो विश्राम | |
| १२.४०– ०२.१० | सहभागीहरूका बीचमा जिल्लागत समूह बनाई समूह कार्य | शिक्षा विकास महाशाखा |
| ०२.१० – ०२.४० | खाजा विश्राम | |
| ०२.४० – ०४.१० | सहभागीहरुका बीचमा जिल्लागत समूह बनाई समूह कार्यको प्रस्तुतीकरण | शिक्षा विकास महाशाखा |
| दोस्रो दिन | | |
| समय | क्रियाकलाप | कैफियत |
| ०८.०० – ०९.०० | खाजा र पुनरावलोकन | |
| ०९.०० – १०.३० | शैक्षिक प्रणाली, SEE परीक्षा सञ्चालनमा सम्बद्ध पक्षको भूमिका | डा. शेषनारायण पौडेल<br>सचिव, सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय |
| १०.३० – १२.०० | उत्तरपुस्तिका परीक्षण, सम्परीक्षणमा ध्यान दिनुपर्ने पक्षहरू | लोकनाथ आचार्य<br>इकाई प्रमुख, शि.वि. तथा स. इकाई कास्की |
| १२.०० – १२.३० | खाना विश्राम | |
| १२.३० – ०२.०० | २०८२ सालको परीक्षा व्यवस्थापन तथा तयारी कार्य सम्बन्धमा प्रस्तुतीकरण | बिमला कुमारी शर्मा<br>उपसचिव शिक्षा विकास महाशाखा |
| ०२.००– ०३.३० | शिक्षा विकास तथा समन्वय इकाइसँग २०८२ सालको परीक्षा व्यवस्थापन सम्बन्धमा छलफल | अतिरिक्त प्रदेश सचिव, शिक्षा विकास महाशाखा |
| ०३.३० – ०४.०० | समापन | |

## *अनुसूची ३* जिल्लागत समूह कार्यबाट प्राप्त प्रतिवेदनहरू

(गोरखा, म्याग्दी र मुस्ताङ)

### सुझाव संकलनका क्षेत्रहरुः

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | नीतिगत र कानुनी व्यवस्था (संघ, प्रदेश र स्थानीय तहहरु) र संशोधन हुनुपर्ने विषयहरु समेत | सञ्चालन एवम् व्यबस्थापन प्रदेशवाट हुने कानुनी ब्यबस्था रहेको तर प्रश्नपत्र निर्माण, उ पु परीक्षण र नतिजा प्रकाशन केन्द्रवाट र उ पु ब्यबस्थापन र परीक्षा सँचालन तथा खर्च ब्यबस्थापन मात्र प्रदेश स्तरवाट हुने गरेको। | SEE प्रदेशवाट सँचालन हुने ब्यबस्था पूर्णरुपमा कार्यान्वयन हुन नसकेको। | SEE सम्वन्धी सम्पूर्ण कार्य प्रदेशबाट हुनुपर्ने। | सँघ, प्रदेश,जिल्ला |
| २ | रजिष्ट्रेसन र आवेदन संकलन व्यवस्थापन (त्रुटी न्यूनिकरण समेत) | शि वि तथा स इकाइवाट हुने गरेको | नामथर जन्ममिति ए. विषय लगायतका विवरणमा त्रुटी हुने गरेको | रजिष्ट्रेशन इन्ट्रिमा बिद्यालयलाई अनलाईन इन्ट्रि गर्न मिल्ने र रुजु शि वि तथा स इकाइवाट हुने गरि ब्यबस्था गरिनु पर्ने। | बिद्यालय र शि वि तथा स इकाइ |
| ३ | परिक्षा सञ्चालन र व्यवस्थापन (परीक्षा केन्द्र निर्धारण, उत्तरपुस्तिका भण्डारण र वितरण व्यवस्थापन, परिक्षामा खटिने | EDCU:<br>केन्द्र निर्धारण -परीक्षा समिति | प्रश्नपत्र र उ पु ढुवानीमा सुरक्षा सँवेदनशिलता ढुवानी खर्च न्यून | | EDCU/DPO |

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| | जनशक्तिको क्षमता विकास र परिचालन, प्रश्नपत्रको गोपनीयता कायमा गर्ने, उत्तरपुस्तिका संकलन एवम् परीक्षण केन्द्रमा पुऱ्याउने, उत्तपुस्तिका परीक्षण /संपरीक्षण , शौचालय र सेनिटरी प्याडको उपलव्धता र प्रयोग व्यवस्थापन) | उ पु भण्डारण बितरण सँकलन जनशक्ति क्षमता विकास र परिचालन परीक्षण सँपरीक्षण<br><br>परीक्षा केन्द्र:<br>जनशक्ति क्षमता विकास परिचालन शौचालय सेनिटरी प्याडको उपलब्धता र प्रयोग<br><br>सुरक्षा/ प्रहरी चौकी:<br><br>प्रश्नपत्रको भण्डारण गोपनियता<br>उ पुको भण्डारण गोपनियता | सुरक्षा कार्यालयमा प्रश्नपत्र र उ पु भण्डारणमा समस्या । बाकसको ब्यबस्था नभएको।<br><br>उ पु परीक्षण र सम्परीक्षणमा जनशक्ति अभाव<br>EDCU मा कम जनशक्ति | सुरक्षा प्रतिनिधि सहित ढुवानी गर्ने ब्यबस्थाका लागि बजेट ब्यबस्थापन थप हुनु पर्ने<br><br>सुरक्षा केन्द्रहरुमा भण्डारणका लागि बाकस ब्यबस्थापन हुनुपर्ने।<br><br>उ पु परीक्षण र सम्परीक्षणका लागि पारिश्रमिक वृद्धि गर्नुपर्ने।<br>जिल्लामा कम्तिमा एक परीक्षण केन्द्र अनिवार्य गरिनु पर्ने। | DPO/ PO<br><br>EDCO/LEO |
| ४ | आपतकालिन अवस्थामा परिक्षा सञ्चालन, अपाङ्गता भएका र विशेष आवश्यकता भएका बन्दी अवस्थामा रहेका परिक्षार्थीको लागि परिक्षा व्यवस्थापन | परीक्षा केन्द्रले ब्यबस्थापन गर्ने गरेको | थप निरिक्षकको ब्यबस्था नभएको। | थप निरिक्षकको ब्यबस्था हुनुपर्ने। | परीषा केन्द्र/ केन्द्राध्यक्ष |
| ५ | अनुगमन प्रतिवेदन | केन्द्र प्रदेश र EDCU र परीक्षा समितिबाट सामान्य हुने गरेको। | अनुगमनको बिस्तृत प्रतिबेदन अध्ययन र कार्यान्वयन नभएको<br>अन्तर तह समन्वयको अभाव | | संघ<br>प्रदेश<br>स्थानीय तह<br>केन्द्राध्यक्ष |

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| ६ | स्रोत व्यवस्थापनः जनशक्ति परिचालन, उत्तरपुस्तिका व्यवस्थापन र परीक्षण /संपरीक्षण लगायत | जनशक्ति ब्यबस्थापन र उ पु ब्यबस्थापन प्रदेशबाट<br>परीक्षण सम्परीक्षण केन्द्रबाट | न्यून पारिश्रमिकका कारण कार्यसम्पादन उत्प्रेरणा नभएको। | समयानसकुल बजेट बृद्धिगरि एकद्वार प्रणालीबाट आम्दानी खर्च ब्यबस्थापन गर्ने। | संघ<br>प्रदेश |
| ७ | प्रअ एवम् विषयगत शिक्षकहरुसँगको समीक्षा | EDCU द्वारा आयोजित प्र अ बैठकमा परीक्षा सञ्चालन र व्यवस्थापन विषयमा प्रवेश गरी सामान्य छलफल | कार्यक्रम आयोजना हुन नसक्दा प्र अ शिक्षकहरुसँग समिक्षा हुन नसकेको | प्र अ एवम् विषयगत शिक्षकहरुसँग आवधिक अन्तर्क्रिया र समिक्षा गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने | संघ<br>प्रदेश<br>EDCU |
| ८ | नतिजा प्रकाशन<br>(प्रमाणपत्र वितरण एवम् संशोधन समेत) | नतिजा प्रकाशन र संशोधन परीक्षा नियन्त्रण कार्यालय कक्षा १० बाट हुने<br>प्रमाणपत्र वितरण EDCU मार्फत विद्यालयबाट हुने | शंसोधनका लागि विद्यार्थी स्वयं केन्द्र धाउनुपर्ने अवश्था रहेको | शंसोधनका लागि EDCU ले संकलन गरी प्रदेश र केन्द्रमा पठाउने प्रणाली विकास गर्ने | संघ<br>प्रदेश<br>EDCU |
| ९ | परीक्षा सञ्चालन पूर्व त्यसमा संलग्न हुने निकायका जनशक्तिहरुलाई अनिवार्य रुपमा अभिमूखीकरण प्रशिक्षण हुनुपर्ने<br>उत्तर पुस्तिका परीक्षण केन्द्रमा खटिने विभिन्न निकायका जनशक्तिलाई प्रत्येक वर्ष अभिमूखीकरण हुनुपर्ने | हालसम्म सन्तोषजनक रुपमा सम्पादन हुन नसकेको | परीक्षा सञ्चालनमा विविध कठिनाइ हुने गरेको<br>परीक्षण संपरीक्षणमा त्रुटी बढ्दै जाँदा समग्र नतिजामा असर परेको | अभिमूखीकरणको लागि बजेट व्यवस्था गर्ने<br>नियमित प्रशिक्षणको व्यवस्था मिलाई कार्य सम्पादनमा सहजता निर्माण गर्ने | संघ<br>प्रदेश |

*(स्याङ्जा र नवलपुर)*

**सुझाव संकलनका क्षेत्रहरुः**

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | नीतिगत र कानुनी व्यवस्था (संघ, प्रदेश र स्थानीय तहहरु) र संशोधन हुनुपर्ने विषयहरु समेत | • शिक्षा ऐनमा राष्ट्रिय परीक्षा बोर्ड<br>• कक्षा १० को परीक्षा प्रदेशस्तरमा व्यवस्थापन गर्नुपर्ने नीति कार्यान्वयनमा आउन नसकेको<br>• राष्ट्रिय पाठ्यक्रम प्रारूपले कक्षा १० को परीक्षाको जिम्मेवारी प्रदेशलाई | तीन तहका सरकारबीच क्षेत्राधिकारमा अन्योल र बाझिएका नियमहरू, फलस्वरूप जवाफदेहिता र उत्तरदायित्व प्रणाली कमजोर<br><br>कानुनी व्यवस्था भएतापनि हालसम्म संघीय संरचना अनुसार नै व्यवस्थापन भएको<br>संघीयता अनुकुलको शिक्षा ऐन जारी भइ नसकेकको | संघीय शिक्षा ऐन छिटो जारी गरी प्रदेश र स्थानीय तहको भूमिका प्रष्ट पार्ने। | संघीय सरकार |
| २ | रजिष्ट्रेसन र आवेदन संकलन व्यवस्थापन (त्रुटी न्यूनिकरण समेत) | • अनलाइन र भौतिक दुवै माध्यमबाट विवरण संकलन हुने गरेको। | • विद्यार्थीको नाम, जन्ममिति र विषयमा धेरै त्रुटि हुने गरेको।<br>• इकाइलाई सिस्टम पहुँच नहुदा अपडेट गर्न कठिन | • विद्यालय तहबाटै डिजिटल भेरिफिकेसन र सफ्टवेयरमा 'अटो-चेक' को व्यवस्था गर्ने।<br>• इकाइलाई पनि सिस्टममा पहुँचको व्यवस्था गर्ने | राष्ट्रिय परीक्षा बोर्ड (NEB)/इकाइ/ विद्यालय |
| 3 | परिक्षा सञ्चालन र व्यवस्थापन (परिक्षा केन्द्र निर्धारण, उत्तरपुस्तिका भण्डारण र वितरण व्यवस्थापन, परिक्षामा खटिने | • केन्द्र निर्धारणको मापदण्ड केन्द्रले र निर्धारण परीक्षा समन्वय समितिले गर्ने | • पहुँचयोग्य नहुँदा परीक्षार्थीलाई टाढा पर्नु; पूर्वाधार कमजोर भएका विद्यालयमा केन्द्र पर्नु। | • सुगम स्थानमा न्यूनतम परीक्षार्थी पुग्ने गरी केन्द्र निर्धारण गर्नुपर्ने<br>• दुर्गम स्थानका लागि छुट्टै मापदण्ड तयार गर्ने | • राष्ट्रिय परीक्षा बोर्ड,<br>• इकाइ<br>• स्थानीय तह |

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| | जनशक्तिको क्षमता विकास र परिचालन, प्रश्नपत्रको गोपनीयता कायमा गर्ने, उत्तरपुस्तिका संकलन एवम् परीक्षण केन्द्रमा पुऱ्याउने, उत्तपुस्तिका परीक्षण /संपरीक्षण , शौचालय र सेनिटरी प्याडको उपलव्धता र प्रयोग व्यवस्थापन) | • जिल्लाका सुरक्षा निकाय वा तोकिएका सुरक्षित स्थानमा भण्डारण गरिने प्रचलन छ ।<br>• उपलब्ध शिक्षक र कर्मचारीलाई केन्द्राध्यक्ष वा निरीक्षकको रूपमा खटाइने ।<br>• सुरक्षा निकायको पहरामा प्रश्नपत्र ढुवानी र भण्डारण हुने गरेको ।<br>• परीक्षा सकिएपछि संकलन गरी परीक्षण केन्द्रमा पठाइने विद्यमान पद्धति छ ।<br>• अस्थायी शौचालयको व्यवस्था गर्नुपर्ने नीति<br>• प्रश्नपत्र 'लीक' हुने डर; ढुवानीमा लाग्ने उच्च खर्च र समय । | • थोरै विद्यार्थी भएतापनि परीक्षा केन्द्र घटाउने, हटाउने अनुकुल वातावरण नहुनु<br>• स्थानीय तहका विद्यालयलाई उक्त पालिकाभित्रै केन्द्र निर्धारण गर्न दवाव<br>• ढुवानीमा ढिलाइ हुनु; ओस वा मुसाले उत्तरपुस्तिका क्षति पुऱ्याउने जोखिम ।<br>• उ.पु. परीक्षण हलको सबै ठाउँमा व्यवस्था नहुनु<br>• परीक्षाको संवेदनशीलता र नयाँ नियमबारे अभिमुखीकरणको अभाव; परिचालनमा राजनीतिक प्रभाव ।<br>• अस्थायी शौचालयको व्यवस्था र सोको लागि बजेट अत्यन्त्य न्यून | • ढुवानी, सेनेटरी प्याड लगायत मसलन्द खर्च सान्दर्भिक बनाउने<br>• शौचालयको लागि नियमित संरचना प्रयोग गर्ने व्यवस्था मिलाउने<br>• उ.पु. परीक्षण र व्यवस्थापनका लागि हल र सुरक्षाका लागि बजेट व्यवस्था गर्ने<br>• स्थानीय तहसँग सेनेटरी प्याड लगायत स्वास्थ्य सामग्री व्यवस्थापनका लागि सहकार्य<br>• संकलनमा ढिलाइ; परीक्षणमा एकरूपता नहुनु र सम्परीक्षणमा ढिलाइ हुँदा नतिजा ढिलो हुने । | • विद्यालय |
| ४ | आपतकालिन अवस्थामा परीक्षा सञ्चालन, अपाङ्गता भएका र विशेष आवश्यकता भएका | • अपाङ्गता र विशेष अवस्थाका लागि सामान्य व्यवस्था। | • सुत्केरी, क्रियापुत्री र बन्दी परीक्षार्थीका लागि केन्द्र पहुँचमा कठिनाइ। | • पायक पर्ने स्थानमा विशेष कक्ष र समयको व्यवस्था गर्ने। | • इकाइ,<br>• परीक्षा केन्द्र रहेको विद्यालय |

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| | (सुत्केरी, क्रियापुत्री, बन्दी अवस्थामा रहेका) परिक्षार्थीको लागि परिक्षा व्यवस्थापन | | | | |
| ५ | अनुगमन प्रतिवेदन | • आकस्मिक र नियमित अनुगमन गरिने गरेको। | • अनुगमन औपचारिकतामा मात्र सीमित,<br>• स्थानीय तहलाई अनुगमन कार्यमा प्रभावकारी परिचालन गर्न नसकिनु<br>• अनुगमनका लागि जनशक्तिको कमी हुनु<br>• पृष्ठपोषण कार्यान्वयन नहुने।<br>• अनुगमन बजेट नहुनु | • अनुगमनका लागि छुट्टै 'डिजिटल चेकलिस्ट' र तत्काल कारबाही/सुधारको संयन्त्र बनाउने।<br>• स्थानीय तह शिक्षा शाखाका जनशक्तिको परिचालन गर्ने<br>• अनुगमनमा खटिने कर्मचारीलाई सामान्य खाजा खाना खर्चका लागि बजेट व्यवस्था गर्ने | • मन्त्रालय<br>• शिक्षा विकास तथा समन्वय इकाई, |
| ६ | स्रोत व्यवस्थापनः जनशक्ति परिचालन, उत्तरपुस्तिका व्यवस्थापन र परीक्षण /संपरीक्षण लगायत | • उपलब्ध जनशक्ति र बजेटबाट कार्य सम्पादन। | • एउटै बोर्ड अन्तर्गत सञ्चालित परीक्षा (कक्षा १० र १२)को नर्म्स फरक फरक हुनु<br>• उत्तरपुस्तिका परीक्षणको पारिश्रमिक अति कम हुनु र<br>• जनशक्तिको अभाव | • जनशक्तिलाई आधुनिक प्रविधिमा तालिम र सेवा-सुविधामा समयानुकूल वृद्धि गर्ने।<br>• एउटै बोर्ड अन्तर्गत सञ्चालित परीक्षा (कक्षा १० र १२)को नर्म्स एउटै बनाउने<br>• स्थानीय तहका जनशक्तिलाई समेत परिचालन र सहयोग लिने वातावरण तयार गर्ने | • राष्ट्रिय परीक्षा बोर्ड/प्रदेश सरकार |

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| | | | • शिक्षकहरूलाई परिचालन गर्नमा विद्यालयको पठनपाठनमा अवरूद्द हुन जानु। | • चैत्र महिना र वैशाखको पहिलो हप्ताभित्रमा उ.पु. परीक्षण हुने गरी कक्षा १० को परीक्षा सञ्चालनको समयतालिका ल्याउने | |
| ७ | प्रअ एवम् विषयगत शिक्षकहरुसँगको समिक्षा | • प्र.अ.सँग वार्षिक रुपमा एक पटक समिक्षा कार्यक्रम हुने। | • पाठ्यक्रम र परीक्षा पद्धतिबीच तालमेल नमिल्नु। <br> • समीक्षा कार्यक्रमका निष्कर्षहरू कार्यान्वयन हुन नसक्नु <br> • शिक्षकहरूको सहभागिता हुन नसक्नु | • विषयगत शिक्षकहरुसँग नियमित कार्यशाला र प्रश्नपत्र निर्माणमा सहभागिता। | • विद्यालय/शिक्षा इकाई |
| ८ | नतिजा प्रकाशन (प्रमाणपत्र वितरण एवम् संशोधन समेत | • लेटर ग्रेडिङ प्रणाली (नयाँ निर्देशिका) अनुसार नतिजा। | • प्रमाणपत्रमा हुने त्रुटि सच्याउन केन्द्रसम्मै धाउनुपर्ने बाध्यता। <br> • विद्यार्थीहरूका विभिन्न कागजातहरूमा नाम, थर, जन्ममिति फरक फरक पर्न जानु | • प्रदेश स्तरबाटै प्रमाणपत्र संशोधन र अनलाइन प्रमाणीकरणको व्यवस्था। | • राष्ट्रिय परीक्षा बोर्ड/पनिका |
| ९ | अन्य | | | | |
| ९.१ | परीक्षा केन्द्रको भौतिक पूर्वाधार | • अधिकांश केन्द्रहरूमा डेस्क-बेन्चको सामान्य व्यवस्था रहेको। | • पर्याप्त उज्यालो नहुनु, साँघुरो हल र गर्मीमा पंखा सहित उचित तापमानको अभाव। | • न्यूनतम भौतिक मापदण्ड पुगेका विद्यालयलाई मात्र केन्द्र तोक्ने र आधारभूत सुविधा (उज्यालो, हावा, फर्निचर) सुनिश्चित गर्ने। | • राष्ट्रिय परीक्षा बोर्ड / सम्बन्धित विद्यालय |

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| ९.२ | परीक्षार्थीको मनोवैज्ञानिक पक्ष | • परीक्षालाई 'फलामे ढोका' को रूपमा हेर्ने पुरानो मानसिकता कायमै रहेको। | • परीक्षाको अनावश्यक डर र त्रासका कारण विद्यार्थीले जानेको कुरा पनि बिर्सने वा तनावमा पर्ने। | • परीक्षा पूर्व काउन्सिलिङ गर्ने, परीक्षा हलमा डररहित वातावरण सिर्जना गर्ने। | • विद्यालय / विषय शिक्षक / अभिभावक |
| ९.३ | परीक्षा हलको मर्यादा | • सुरक्षाकर्मी र निरीक्षकहरूको उपस्थितिमा परीक्षा सञ्चालन हुने गरेको। | • चिट चोर्ने, कडा चेकजाँचको नाममा विद्यार्थीलाई हतोत्साहित गर्ने। | • आचारसंहिता कडाइका साथ लागू गर्ने र निरीक्षकहरूलाई नैतिक प्रशिक्षण दिने। | • केन्द्राध्यक्ष / सुरक्षा निकाय / अनुगमन टोली |
| ९.४ | कक्षा १२ को परीक्षा व्यवस्थापन | • गण्डकी प्रदेशको नवलपरासी (पूर्व)को परीक्षा व्यवस्थापन लुम्बिनी प्रदेशको परीक्षा व्यवस्थापन कार्यालयबाट हुने गरेको | • व्यवस्थापनमा समस्या, असहजता हुने गरेको | • गण्डकी प्रदेश परीक्षा व्यवस्थापन कार्यालयबाटै व्यवस्थापन गर्ने | • राष्ट्रिय परीक्षा बोर्ड |

(पर्वत बागलुङ)

**सुझाव संकलनका क्षेत्रहरुः**

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | नीतिगत र कानुनी व्यवस्था (संघ, प्रदेश र स्थानीय तहहरु) र संशोधन हुनुपर्ने विषयहरु समेत | -जिल्ला परीक्षा समन्वय समितिमा ३ जना ऐनमा रहने प्रावधान<br>-कानून उलघंन गरेको अवस्थामा | -३ जना बढी पदाधिकारीहरुलाई समेट्नु परेको संकटकालको हाल सम्म निरन्तर<br>-कार्यान्वयनमा समस्या | -प्रष्टरुपमा कानूनले तोकिनुपर्ने<br>-सजिलै कार्यान्वयन गर्न खालको कानून हुनुपर्ने | -संघीय सरकार<br>-संघीय सरकार, प्रेदश सरकार र स्थानीय सरकार |
| २ | रजिष्ट्रेसन र आवेदन संकलन व्यवस्थापन (त्रुटी न्यूनिकरण समेत) | -विद्यार्थीले कक्षा ८ को उत्तीर्ण गरेको प्रमाण पत्र र जन्मदर्ताको आधारमा<br>-परीक्षाको समयमा आएर मात्र मेमोको आधारमा विवरण सच्चाउने प्रावधान | -जन्ममिति लगायतका विवरणमा फरक फरक हुनु<br>-विवरण सच्चाउन कठिन | विद्यालय प्रवेश गर्ने बेला मै सहि विवरण लिइ सो लाई मात्र मान्यता दिने परिपाटीको विकास गर्ने<br>- एकल पथीय प्रक्रियाबाट मात्र अवलम्वन गर्ने (EMIS सगै update गर्ने) | -विद्यालय/ स्थानीय तह/इकाइ<br>- तीनै तहका सरकार र विद्यालय |
| ३ | परिक्षा सञ्चालन र व्यवस्थापन (परिक्षा केन्द्र निर्धारण, उत्तरपुस्तिका भण्डारण र वितरण व्यवस्थापन, परिक्षामा खटिने जनशक्तिको क्षमता विकास र परिचालन, प्रश्नपत्रको गोपनीयता कायमा गर्ने, उत्तरपुस्तिका संकलन एवम् परीक्षण केन्द्रमा पुऱ्याउने, उत्तपुस्तिका परीक्षण /संपरीक्षण , शौचालय र सेनिटरी प्याडको उपलव्धता र प्रयोग व्यवस्थापन) | -विद्यार्थी संख्या र भौगोलिक अवस्थितिको आधारमा परीक्षा निर्धारण गर्ने गरिएको<br>- परीक्षा सञ्चालन पश्चात उत्तरपुस्तिका सुरक्षा निकायमा भण्डारण गर्ने गरिएको | -भौगोलिक विकटताको कारण<br>- क्षमता विकासमा बजेटको अभाव भएकोले कार्यान्वयन सघन रुपमा गर्न कठिन<br>- परीक्षणमा विज्ञको अभाव | -तराइ,पहाड,शहर र हिमाली विकट क्षेत्रहरुलाई आधार मानेर केन्द्र निर्धारण गर्नुपर्ने । विद्यार्थी घट्दो क्रममा भएकाले<br>- तोकिएको समयमा परीक्षण गर्नु पर्ने भएकोले उप केन्द्र निर्धारण गर्नुपर्ने | - संघीय सरकार |

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| | | -परीक्षा केन्द्र रहेको विद्यालयले नै सेनेटरी प्याडको व्यवस्थापन गर्ने | | | |
| ४ | आपतकालिन अवस्थामा परिक्षा सञ्चालन, अपाङ्गता भएका र विशेष आवश्यकता भएका (सुत्केरी, क्रियापुत्री समेतका लागि), बन्दी अवस्थामा रहेका परिक्षार्थीको लागि परिक्षा व्यवस्थापन | छुट्टै कोठामा गर्ने गरिएको | निरीक्षकको व्यवस्था नहुनु | छुट्टै निरीक्षकको व्यवस्था गर्नुपर्ने | संघीय सरकार |
| ५ | अनुगमन प्रतिवेदन | नियमित अनुगमन | -धेरै व्यक्ति अनुगमनमा जाने अपेक्षा | अनुगमन गर्ने योग्य र तोकिएको पदाधिकारीहरुबाट मात्र गर्नुपर्ने | संघीय प्रदेश र स्थानीय सरकार |
| ६ | स्रोत व्यवस्थापनः जनशक्ति परिचालन, उत्तरपुस्तिका व्यवस्थापन र परीक्षण /संपरीक्षण लगायत | परामपरागत भएको | - श्रोतको कमी,<br>- जनशक्ति खटिन कठिन | स्रोतको व्यवस्थापन यथेष्ठ गर्नुपर्ने | संघीय सरकार |
| ७ | प्रअ एवम् विषयगत शिक्षकहरुसँगको समिक्षा | नियमत हुने गरेको | नियमित भए पनि सबैलाई समेट्न नसकिएको | बजेटको व्यवस्था गरी नियमित गर्नुपर्ने | संघीय सरकार |
| ८ | नतिजा प्रकाशन (प्रमाणपत्र वितरण एवम् संशोधन समेत) | नतिजा क्यालेण्डर अनुसार संशोधन हुने गरेको नतिजा | प्रमाणपत्र समयमा उपलब्धताको कमी | लाइनमा बस्ने अन्त्य गर्नुपर्ने प्रविधिको प्रयोग गरी जिल्लाबाट नै प्रमाण पत्र संशोधन गर्न सक्ने अधिकार प्रत्यायोजन गर्ने | संघीय सरकार |

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| ९ | अन्य | -भौतिक अवस्थिति<br>-मनोवैज्ञानिक परामर्श<br>-परीक्षा केन्द्रले प्रवाह गर्ने सूचना प्रणालीको व्यवस्थापन | -परीक्षार्थीहरुको लागि उमेर अनुसार फर्निचरको व्यवस्थापन<br>-शौचालयको व्यवस्थापन | फर्निचरको व्यवस्थापनको लागि बजेटको व्यवस्था | संघ सरकार<br>प्रदेश सरकार<br>सामाजिक विकास युवा तथा खेलकूद मन्त्रालय<br>स्थानीय सरकार |

## (तनहुँ र लमजुङ)

### सुझाव संकलनका क्षेत्रहरुः

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | नीतिगत र कानुनी व्यवस्था (संघ, प्रदेश र स्थानीय तहहरु) र संशोधन हुनुपर्ने विषयहरु समेत। | संघले परीक्षा लिने व्यवस्था छ । | -सहभागितामा समस्या<br>- आर्थिक समस्या<br>- प्राज्ञिक व्यक्तित्वको कमि | जिल्ला परीक्षा संचालन समिति निर्माणमा पुनर्विचार गरि सुरक्षा निकायको प्रमुखमा जनपथ प्रहरी प्रमुखलाई मात्र राख्ने र अन्यको ठाउमा प्राज्ञिक व्यक्तित्वको चयन गर्नुपर्ने। | माध्यमिक परीक्षा संचालन समन्वय समिति। |
| २ | रजिष्ट्रेसन र आवेदन संकलन व्यवस्थापन (त्रुटी न्यूनिकरण समेत) | -शिक्षा विकाश तथा समन्वय इकाई ले म्यानुअल गर्ने व्यवस्था छ | -त्रुटी बढी भयो<br>-समय बढी लाग्यो<br>-खर्च बढ्यो<br>-समन्वयमा जटिलता आयो | -अनलाइन इन्ट्री प्रक्रिया गर्नुपर्ने | -विद्यालयले इन्ट्री गर्ने<br>-समन्वय इकाइले संकलन गर्ने |

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| 3 | परिक्षा सञ्चालन र व्यवस्थापन (परिक्षा केन्द्र निर्धारण, उत्तरपुस्तिका भण्डारण र वितरण व्यवस्थापन, जनशक्तिको क्षमता विकास र परिचालन, प्रश्नपत्रको गोपनीयता कायमा गर्ने, उत्तरपुस्तिका संकलन एवम् परीक्षण केन्द्रमा पुऱ्याउने, उत्तपुस्तिका परीक्षण /संपरीक्षण , शौचालय र सेनिटरी प्याडको उपलव्धता र प्रयोग व्यवस्थापन) | - जिल्ला परीक्षा संचालन समन्वय इकाई<br>-जनसक्ति व्यवस्थापनमा चुनौती | -प्विद्यार्थी संख्या अनुसार केन्द्र निर्धारण गर्न कठिनाइ<br>-पारिश्रमिक न्युन<br>-परीक्षण सम्परीक्षण मा कठिनाइ \| | -पारिश्रमिक बृद्दी गर्नुपर्ने \|<br>-विद्यार्थी संख्या अनुसार केन्द्र निर्धारण गर्न लचकता अपनाउनुपर्ने \| | -शिक्षा,विज्ञान तथा प्रविधी मन्त्रालय<br>-अर्थ मन्त्रालय |
| ४ | आपतकालिन अवस्थामा परिक्षा सञ्चालन, अपाङ्गता भएका र विशेष आवश्यकता भएका (सुत्केरी, क्रियापुत्री समेतका लागि), बन्दी अवस्थामा रहेका परिक्षार्थीको लागि परिक्षा व्यवस्थापन। | -जेलमा उप केन्द्र कायम गर्ने गरिएको तर अन्य को हकमा उपयुक्त व्यवस्थापन देखिदैन<br>-सुधार गृहमा भएका विद्यार्थीको परीक्षा लिने व्यवस्था नभएको \| | अपाङ्गता भएका र विशेष आवश्यकता भएका सुत्केरी, क्रियापुत्री, सुधार गृहमा भएका विद्यार्थीको लागि उपयुक्त व्यवस्था हुन नसकेको \| | -अपाङ्गता भएका र विशेष आवश्यकता भएका सुत्केरी, क्रियापुत्री समेतका लागि अपांग मैत्री सहितको व्यवस्थापन हुनुपर्ने \|<br>-समय व्यवस्थापनमा समस्या | - जिल्ला परीक्षा संचालन समन्वय समिति |
| ५ | अनुगमन प्रतिवेदन | जिल्ला परीक्षा समन्वय समितिले बनाउने व्यवस्था रहेको \| | -अनुगमन प्रभावकारी हुन नसकेको | -अनुगमनको लागि बजेट थप गर्नुपर्ने \|<br>-अनलाइन अनुगमन प्रतिवेदन व्यवस्थापन हुनुपर्ने | -शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालय<br>-अर्थ मन्त्रालय |

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| | | | -अनुगमन प्रतिवेदनले दिएको सुझाव अनुसार कार्यान्वय हुन नसकेको | | |
| ६ | स्रोत व्यवस्थापनः<br>जनशक्ति परिचालन, उत्तरपुस्तिका व्यवस्थापन र परीक्षण /संपरीक्षण लगायत | -शिक्षक परिचालन -<br>उ.पु.व्यवस्थापनमा रा.प.बोर्ड र शिक्षा विकास तथा समन्वय इकाई मातहतका जनशक्ती व्यवस्थापन | -स्रोत व्यवस्थापनः जनशक्ति परिचालन, उत्तरपुस्तिका व्यवस्थापन र परीक्षण /संपरीक्षण लगायत मा समस्या<br>-–प्र.अ. लाइ जानकारीनै नभई विषय शिक्षक जादा पठान पाठनमा समस्या \| | उत्तरपुस्तिका व्यवस्थापन र परीक्षण/संपरीक्षण लगायतका कार्यका लागि बजेट<br>समय सुहाउदो व्यवस्थापन गरिनु पर्ने<br>- उ.पु.परीक्षणका लागि न्युनतम प्रति कपि रु.४० र प्रतिदिन अधिकतम ५० वटा मात्र उ.पु.परीक्षण गर्ने व्यवथा गर्नुपर्ने \| | शिक्षा,विज्ञान तथा प्रविधी मन्त्रालय<br>-अर्थ मन्त्रालय<br>-रा.प.बोर्ड<br>-समन्वय इकाई |
| ७ | प्रअ एवम् विषयगत शिक्षकहरुसँगको समीक्षा | -जिल्ला तहमा<br>स्थानीय तहहरुको समीक्षा हुनेगरेको \|<br>-स्थानीय तहमा प्र. अ. बैठकमा समीक्षा हुनेगरेको<br>-विद्यालयमा विषयगत रुपमा हुने गरेको \| | -प्रभावकारितामा कमी | -नीतिगत तथा कानुनी प्रभावकारितालाई मध्यनजर राखी लक्ष्य निर्धारण गरिनुपर्ने | -शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>-अर्थ मन्त्रालय<br>-रा.प.बोर्ड<br>-प्रदेश तह<br>-समन्वय इकाई<br>-स्थानीय तह |
| ८ | नतिजा प्रकाशन<br>(प्रमाणपत्र वितरण एवम् संशोधन समेत | -९० दिन भित्र गर्ने व्यवस्था रहेको \|<br>-प्रमाणपत्र प्राप्त गर्न आफै जानुपर्ने प्रावधान रहेको \| | -नतिजा प्रकाशन (प्रमाणपत्र वितरण एवम् संशोधन समेत) मा झन्झट तथा आर्थिक बोझ | -अनलाइन प्रक्रियाबाट संसोधनको व्यवस्था हुनुपर्ने \|<br>-६० दिन भित्र नतिजा प्रकाशन हुनु पर्ने \| | --रा.प.बोर्ड |

*(कास्की र मनाङ)*

## सुझाव संकलनका क्षेत्रहरु:

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | नीतिगत र कानुनी व्यवस्था (संघ, प्रदेश र स्थानीय तहहरु) र संशोधन हुनुपर्ने विषयहरु समेत | | परीक्षा सञ्चालन खर्च पेश्कीको रूपमा जिल्लामा प्राप्त हुने तर फछ्र्योट र लेखापरीक्षणमा सक्कल विल पेस गर्ने समस्या | जिल्लालाई पेस्की नभई अख्तियारी दिनुपर्ने<br>कक्षा १० र कक्षा १२ को परीक्षा नियन्त्रण कार्यालय एउटै हुनुपर्ने | NEB/MOESD |
| २ | रजिष्ट्रेसन र आवेदन संकलन व्यवस्थापन (त्रुटी न्यूनिकरण समेत) | • विद्यालयबाट राम्रोसँग रूजु नभएको<br>• अभिभावकले फरक फरक जन्ममिति पेस गर्ने<br>• जन्मदर्ता नै हुन नसकेको | • विद्यालयले समयमा आवेदन नबुझाउने<br>• अभिभावकले जन्म दर्ता समयमा उपलब्ध नगराउने<br>• जन्मदर्ता र कक्षा ८ उत्तीर्ण प्रमाण पत्रको आधारमा मात्र रजिष्ट्रेशन र आवेदन फाराम भराउने | • रजिष्ट्रेशन details लाई IEMIS वा VRS प्रणालीसँग जोड्नुपर्ने<br>• विद्यालयबाट नै आवेदन फाराम भराउँदा अभिभावकको उपस्थितिमा नै विद्यालयबाट नै अनलाईन भराउने व्यवस्था गर्ने<br>• जन्मदर्ता प्रकृयालाई सरलीकृत गर्ने वा अन्य वैकल्पीक व्यवस्था गर्नुपर्ने<br>• रजिष्ट्रेश फाराम भराउँदा कक्षा शिक्षक, कर्मचारी, प्र.अ. सबैले रूजुगर्ने व्यवस्था गर्ने | EDCU/ School |
| 3 | परिक्षा सञ्चालन र व्यवस्थापन (परिक्षा केन्द्र निर्धारण, उत्तरपुस्तिका भण्डारण र वितरण | | • परीक्षा सञ्चालनका नर्म्सहरू अत्यन्त न्युन | • कक्षा १० र १२ को नर्म्स एउटै र आकर्षाक हुनुपर्ने | NEB/EDD/ EDCU/School |

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| | व्यवस्थापन, परिक्षामा खटिने जनशक्तिको क्षमता विकास र परिचालन, प्रश्नपत्रको गोपनीयता कायमा गर्ने, उत्तरपुस्तिका संकलन एवम् परीक्षण केन्द्रमा पुऱ्याउने, उत्तपुस्तिका परीक्षण /संपरीक्षण , शौचालय र सेनिटरी प्याडको उपलव्धता र प्रयोग व्यवस्थापन) | ● परीक्षामा संलग्न जनशक्तीलाई राम्रोसँग अभिमुखीकरण गर्न स्रोत साधनको कमी | भएको कारण उत्साहपूर्ण सहभागी नहुनु<br>● दक्ष र अनुभवी शिक्षकहरूलाई उ.पु. परीक्षण र सम्परीक्षण संलग्न गर्न नसकिनु<br>● केन्द्र विद्यालयहरूमा परीक्षार्थी विवरण सफ्टकपी प्राप्त नहुदा प्लानिङ लगाएत कार्यसम्पादनमा समस्या | ● परीक्षामा संलग्न केन्द्राध्यक्ष, स.के. र निरीक्षक र कर्मचारीहरूलाई राम्रोसँग अभिमुखीकरण गर्ने, पर्याप्त स्रोत साधनको व्यवस्थापन गर्नु पर्ने<br>● दक्ष र अनुभवी शिक्षकहरूले उ.पु. परीक्षणमा जान प्रोत्साहित गर्नुपर्ने<br>● केन्द्र विद्यालयहरूमा परीक्षार्थी विवरणको सफ्टकपी परीक्षा सञ्चालनको कम्तीमा ३ दिन अगाडी नै पठाउनु पर्ने<br>● भौगोलिक विकटता र दुरीलाई आधारमानी ढुवानीको रकम निर्धारण गर्नुपर्ने | |
| ४ | आपतकालिन अवस्थामा परिक्षा सञ्चालन, अपाङ्गता भएका र विशेष आवश्यकता भएका (सुत्केरी, क्रियापुत्री समेतका लागि), बन्दी अवस्थामा रहेका परिक्षार्थीको लागि परिक्षा व्यवस्थापन | | ● दृष्टिविहिन र दुवैहात नभएका वा नचल्ने बाहेक अन्यलाई लेखन सहयोगी राख्ने व्यवस्था नभएको<br>● बन्दी अवस्थामा रहेका परीक्षार्थीहरूलाई तत्स्थानमा परीक्षा सञ्चालन गर्दा मर्यादित हुन नसकेको | ● लेख्न नसक्ने र असहज हुने तर बोल्न सक्ने सबै खाले अपाङ्गता भएका परीक्षार्थीलाई लेखन सहयोगी राख्ने व्यवस्था गर्नुपर्ने<br>● बन्दी परीक्षार्थीलाई पनि अन्य परीक्षार्थीहरू रहेकै परीक्षा केन्द्रमा विशेष व्यवस्था सहित परीक्षाको व्यवस्था गर्नुपर्ने | NEB/EDCU |

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
|---|---|---|---|---|---|
| ५ | अनुगमन प्रतिवेदन | | • एकरूपता हुनेगरी अनुगमन सुचक सहितको फर्म्याट विकास नभएको<br>• अनुगमनकर्ता छनोट गर्ने निश्चित विधि नभएको | • अनुगमनमा एक रूपता ल्याउने गरी सुचक सहितको फर्म्याट विकास गरी कार्यान्वयन गर्ने<br>• अनुगमन कर्ता छनोट गर्दा नियमन निकाय, शिक्षा समिति र कम्तीमा केन्द्राध्यक्ष भएका व्यक्तीहरू मात्र पर्ने गरी मापदण्ड तयार गरी सोहि अनुसार गर्ने | EDD/EDCU |
| ६ | स्रोत व्यवस्थापनः जनशक्ति परिचालन, उत्तरपुस्तिका व्यवस्थापन र परीक्षण /संपरीक्षण लगायत | | • प्रत्येक कक्षामा दुईजना निरीक्षक रहने व्यवस्था गर्ने | • प्राथमिक तहको मात्र निरीक्षक राख्ने व्यवस्था हटाउनु पर्ने | NEB/EDD |
| ७ | प्रअ एवम् विषयगत शिक्षकहरुसँगको समिक्षा | | परीक्षा सम्बन्धि विविध विषयहरूमा समिक्षा तथा अभिमुखिकरण गर्न स्रोत साधनको अभाव रहेको | सो कार्यका लागि पर्याप्त स्रोत साधन तथा जनशक्तीको व्यवस्था गर्नेपर्ने | EDD/EDCU |
| ८ | नतिजा प्रकाशन (प्रमाणपत्र वितरण एवम् संशोधन समेत) | | नतिजा प्रकाशन समयमा नहुनु तथा त्रुटी देखिनु<br>विद्यालयले समयमा ग्रेड लेजर प्राप्त हुन नसक्न<br>विगतका नतिजाको सफ्टकपी लेजर विद्यालयले प्राप्त गर्न नसकेको | त्रुटी रहित नतिजा परीक्षा सम्पन्न भएको ४५ दिन भित्र गरिसक्नु पर्ने<br>त्रुटी संशोधन प्रदेश तहमा गर्ने व्यवस्था गर्नुपर्ने<br>विद्यालयले नतिजा प्रकाशन भएकै दिन ग्रेड लेजर डाउनलोड गर्न सक्ने व्यवस्था गर्नुपर्ने | NEB/EDD |

| क्रस | मुख्य विषय | विद्यमान अवस्था | भोग्नुपरेका समस्या/असर | समाधानका उपाय/सुझाव | कार्यान्वयन गर्ने निकाय/जिम्मेवारी |
| --- | --- | --- | --- | --- | --- |
| | | | | विगतका सबै बर्षहरू (सम्भव भए सम्म सबै) का लेजर आवश्यकता अनुसार विद्यालयले अनलाईन हेर्न पाउने व्यवस्था गर्नुपर्ने<br>नियमित र आंशिकका ग्रेडसीट एकिकृत गरी जिल्लामा नै प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्ने | |

## *तस्वीरमा कार्यशालाका केही झलकहरु*











SEE परीक्षा सञ्चालन व्यवस्थापन कार्यशालाका
क्रममा हुँदै गरेको समूह कार्य